# जीवन परिवर्तनको आँधी

www.mitininepal.org.np

# जीवन परिवर्तनको आँधी

चैत्र, २०८१

प्रकाशक

Mitini Nepal

सहयोग

GFCF



# प्राक्कथन

लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको समलिङ्गी, द्वयलिङ्गी र क्वेर महिलाहरुका वास्तविक जीवन भोगाईलाई समेटेर तयार पारिएको कथापुस्तक "जीवन परिवर्तनको आँधी" का लागि प्राक्कथन लेख्न पाउँदा मलाई अत्यन्तै खुशी लागेको छ ।

नेपालमा महिला आन्दोलनको सय वर्षको इतिहास छ । तर समलिङ्गी महिलाले सन् १९९० को बहुदल व्यवस्था पश्चात् मात्रै आवाज उठाउन थाले भने सन् २००२ मा पहिलो पटक समलिङ्गी महिलाहरु संगठित भएर आए । यही वर्ष मितिनी सपोर्ट समुह गठन गरी सन् २००६ मा औपचारिक रुपमै मितिनी नेपाल संस्था गठन गरियो । संगठित हुन जति सजिलो थियो, संस्था दर्ता गर्न त्यतिकै चुनौतीपुर्ण थियो । समाज र परिवारले स्वीकार्न नसकेको समलिङ्गी सम्बन्धलाई राज्यले पनि स्वीकार गरेको अवस्था थिएन । जुन बेला (सन् २००२) मा समलैङ्गिकतालाई अपराधमुक्त घोषणा गरिएको थिएन, सोही समय म मितिनी नेपालको संस्थापक र अध्यक्ष लक्ष्मी घलान र मेरो पार्टनर मीरा बज्राचार्य पहिलो समलिङ्गी महिला जोडीको रुपमा पहिचान सहित खुलेर आयौं । समलिङ्गी र द्वयलिङ्गी महिलाको पहिचान र स्वीकार्यताको लागि निरन्तर आवाज उठाउँदैं गर्दा हाम्रो जोडीले आफ्नै परिवार, पार्टनरको परिवार र समाजबाटै लैङ्गिक हिंसाको सामना गर्नु परेको थियो । यसरी हेर्दा नेपालमा लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको आन्दोलन सुरु भएको दुई दशकभन्दा बढी समय बितिसकेको छ । नेपालको संविधान २०७२ ले पहिलो पटक लैङ्गिक तथा यौनिक अल्पसंख्यक शब्दलाई मान्यता दिए सँगै यसले समलिङ्गी, द्वयलिङ्गी र क्वेर महिलाको पहिचानलाई केही हदसम्म स्थापित गरेको छ । यद्यपि, समुदायको आन्दोलन र महिलावादी आन्दोलनमा समेत एल.बी.क्यू महिलाहरुको विषयवस्तुलाई प्राथमिकतामा राखिएको पाइएन भने एल.बी.क्यू महिला अधिकारकर्मीहरुको आवाजलाई समेत मुलधारको

समुदायको आन्दोलनले दबाउन बाध्य पारियो । समुदायबाटै कुनै प्रकारको समर्थन नपाउँदा महिलाभित्रको विविधता एल.बी.क्यू महिलाहरूले अझै पनि विभिन्न चुनौतीहरूको सामना गर्नु परिरहेको छ । हालसम्म पनि यस समुदायका महिलाहरूको कुनै प्रकारको तथ्याङ्क नहुनु अर्को दुखद पक्ष हो । तसर्थ, नेपालको इतिहासमा नै पहिलो पटक एल.बी.क्यू महिलाहरूको कथालाई दस्तावेजीकरण गर्ने र कथापुस्तकलाई उनीहरूको अधिकार र सवालमा वकालतका लागि माध्यमको रुपमा प्रयोग गर्ने उद्देश्यका साथ मितिनी नेपालले केही प्रेरणादायी र सन्देशमुलक कथाहरूलाई समेटेर कथापुस्तक सार्वजनिक गर्न सक्षम भएका छौं । साथै कथा पुस्तकलाई समलैङ्गिक दृश्यता दिवस २०२५ को अवसरमा विमोचन गर्न पाउँदा हामी निकै खुसी छौं । समलिङ्गी, द्वयलिङ्गी र क्वेर महिलाहरूको विषयलाई महिलावादी आन्दोलनमा पनि उत्तिकै प्राथकिताका साथ उठाउनुपर्ने आवश्यकता देखिन्छ ।

यस कथापुस्तक तयारी तथा प्रकाशन गर्ने क्रममा सहयोग पुऱ्याउनु हुने सम्पुर्ण लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका व्यक्ति, कार्यकारी बोर्ड, सदस्यहरू, कर्मचारी, स्वयंसेवक र शुभचिन्तकहरूलाई मितिनी नेपाल हृदयदेखि धन्यवाद दिन चाहन्छ । समुदायको अधिकार, न्याय र सशक्तिकरणका लागि यहाँहरू सम्पूर्णको ऐक्यबद्धताका लागि पनि अपिल गर्दछौं ।



**लक्ष्मी घलान**
संस्थापक अध्यक्ष
मितिनी नेपाल

# विषय सूची


- दु:खदेखि दु:खसम्म ............ १
- अव्यक्त प्रेम ............ ७
- भन्न नमिल्ने नाता ............ १२
- श्रीमा छैन किरण ............ १६
- सानो संसार ............ २०
- सहजता/ असहजता ............ २४
- साथीको छुटेको चप्पल ............ २८
- विछोड-मिलन ............ ३३
- जो भाग्यमा कोरिएका ............ ३७
- धनी विधाता: गरिब म ............ ४०
- सत्यम् शिवम् सुन्दरम् ............ ४५

# दु:खदेखि दु:खसम्म

● रिता सदा



"जीवन सुख दु:खको संगम हो" यो पंक्ति धेरैले भन्छन्, लेख्छन् । मेरो ३६ वर्षे जीवनमा यो पंक्ति मेल खाँदैन । यो ३६ वर्षमा मैले सुख के हो भन्ने थाहा पाइनँ । त्यसै पनि म रिता सदा । मेरो थरले नै म दलित समुदायको हुँ भन्ने देखाउँछ । सदा भनेको मुसहर जातीको एउटा थर हो । मुसहर जातीलाई दलितभित्रको पनि दलित भन्ने गरिन्छ । म जुन जातीमा जन्मिएँ, यो जाती अहिले पनि घोर निरासा, चरम गरिबी, चरम अशिक्षामा बाँचिरहेको छ । म आर्थिक विपन्नताले मात्रै गरिब होइन । सामाजिक तिरष्कार, विभेदले पनि उपेक्षित हुँ । आर्थिक समृद्धि त भए पनि ठिकै नभए पनि ठिकै । किनभने सामान्य आयबाट पनि जीवन निर्वाह गर्न सकिन्छ । धेरै मानिसहरू विपन्न हुन्छन्, तर उनीहरूको जीवन सुखमय नै हुन्छ । गरिबी एउटा कुरा हो, सम्मान र सहअस्तित्व अर्को कुरा हो । मान्छेका लागि यी दुवै कुरा चाहिन्छन् ।

नेपालमा यसै पनि महिलाहरू उपेक्षित छन् । दलितहरू पनि उपक्षित छन् । दलितको पनि सबैभन्दा तल्लो भनेर हेपिन जात अझै उपेक्षित छन् । अनि मधेसी पनि उपेक्षित छन् । अनि यौनिक तथा लैंङ्गिक अल्पसंख्यकहरू कुन हदसम्म उपेक्षाको सिकार हुन्छन् यो भोग्नेलाई मात्रै थाहा हुन्छ । यसकारण मैले भनेको हो, मेरो जीवनको शब्दकोषमा सुख भन्ने शब्द नै छैन । महिला, मधेसी, दलित, यौनिक अल्पसंख्यक यी सबै विशेषण मेरो जीवनसँग जोडिएका छन् । यी उपमाहरूको भारले थिचिएको कुनै पनि पात्र यो समाजमा शीर उठाएर बाँच्न



सक्दैन । तर, पनि म बाँचिरहेकी छु, बाँचेकी के भन्नु ? श्वास लिइरहेकी छु ।

महिला, मधेसी, दलित, यौनिक अल्पसंख्यकपछि मेरो पहिचानमा जोडिएको अर्को उपमा "एकल महिला"को पनि हो । गाउँघरतिर कसैलाई बोक्सीको बात लगाउनु पर्‍यो भने समाजमा भए मध्येको सबैभन्दा गरिब, दलित, निमुखा महिलामाथि लगाउने गरिन्थ्यो । किनभने यस्तो वर्गमा पर्नेहरूमाथि ज्यादति गर्न सजिलो हुन्थ्यो । जस्तै अत्याचार गरे पनि ती मानिसहरूको पक्षमा बोलिदिने कोही हुँदैन थियो । समय नफेरिएको त होइन, अलिकति फेरिएको छ । तर कति फेरिएको छ, त्यो चाहिँ भोग्नेहरूलाई गएर सोध्नु पर्ने हुन्छ । बाहिरी आँखाले समाजमा व्याप्त विभेद देखिदैन । विभेद कुनै रुप धारण गरेर आउँदैन । कुनै फरक ढंगको आवाज लिएर आउँदैन ।

भौगोलिक दृष्टिले हेर्ने हो भने पनि म त्यो क्षेत्रबाट प्रतिनिधित्व गर्छु, जहाँको समाज नेपालको अन्य क्षेत्रको भन्दा बढी जर्जर छ । मधेसको सिरहामा मेरो जन्म भएको थियो । सिरहामा मधेसीहरुकै बाहुल्यता छ । मधेसीमा शिक्षा र चेतनाको कमी छ । गरिबी पनि उतिकै छ । हुन त नेपाल देश नै गरिब र सामाजिक हिसाबले उन्नत हुन सकेको छैन । यस्तोमा सिरहा मात्रै राम्रो हुने कुरा हुँदैन थियो । तर, म वा मेरो परिवार पहिलेदेखि नै काठमाडौंमा जन्मी हुर्कि गरेको हुन्थ्यो भने हामीलाई काठमाडौंको समाज बढी सम्मानजनक हुन्थ्यो । काठमाडौंमा अक्सर मानिसहरुलाई अरुको धेरै मतलव हुँदैन । कसले के गर्‍यो ? के गर्दैछ ? धेरै चासो हुँदैन । अरुको कुरामा चासो लिने मान्छेको त स्वभाव नै हो । तर ठूला सहरहरुमा स-साना कुराहरु धेरै ख्याल गरिँदैन ।

म जुन परिवेशमा जन्मिएँ, त्यहाँ छोरीलाई पढाउनु हुँदैन भन्ने धारणा थियो । त्यो बेला पनि छोरीलाई केही सचेत मानिसहरुले पढाउँथे । तर मुसहर जातीमा पढाई लेखाइ अहिले नै गाह्रो छ भने त्यो बेला झनै थिएन । स्कुलको सट्टा

म घरायसी काममा लागे । भाइबहिनीहरूको ख्याल गर्दागर्दै मेरो बाल्यकाल सकियो ।

६१ सालतिर म १५ वर्षकी थिएँ । माओवादीहरूको हिंसात्मक विद्रोहले देश आक्रान्त थियो । कुन बेला कसको ज्यान जाने हो ठेगान हुँदैन थियो । दिनहुँ धेरैको सिउँदो पुछिन्थ्यो । बालबालिका टुहुरा हुन्थे । कति आमाका काख उजाड हुन्थे ।

माओवादी विद्रोहीहरूले जनमुक्ति सेनामा लैजाने भनेर गाउँका युवालाई जबर्जस्ती गर्थे । त्यो बेला माओवादीहरूले मलाई पनि युद्धमा जानु पर्छ भन्दै आफूसँग लिएर गए । गरिबीमा पिल्सिएकी मैले माओवादीमा जाँदा केही राम्रो हुन्छ कि भन्ने ठानेँ । मधेसी, महिला र दलितहरूमाथिको विभेद यो युद्धले अन्त्य गर्छ भनेर माओवादीका नेताहरूले भन्थे । उनीहरूको कुराले कलिलो मस्तिष्कमा गहिरो छाप छोड्थ्यो । साँच्चै यो युद्ध सकिएपछि एउटा नयाँ बिहानी आउँछ भन्ने लाग्थ्यो । समाजको कुरीति समाप्त हुन्छ, सबैलाई समान व्यवहार गरिन्छ । गरिबका पनि दिन फर्किन्छन् जस्तो लाग्थ्यो ।

> "गाउँघरतिर कसैलाई बोक्सीको बात लगाउनु पर्‍यो भने समाजमा भए मध्येको सबैभन्दा गरिब, दलित, निमुखा महिलामाथि लगाउने गरिन्थ्यो । किनभने यस्तो वर्गमा पर्नेहरूमाथि ज्यादति गर्न सजिलो हुन्थ्यो । जस्तै अत्याचार गरे पनि ती मानिसहरूको पक्षमा बोलिदिने कोही हुँदैन थियो ।"

नेताहरूले भनेको कुरामा मलाई पक्का विश्वास हुन थाल्यो । अनि म जनमुक्ति सेनामा भर्ती भएँ । जनमुक्ति सेनामा हुँदा मर्ने र बाँच्ने टुंगो हुन्थेन । ज्यान त हत्केलामा लिएरै हिँड्नु पर्थ्यो । सेनाले देख्यो भने रोक्दैन थियो, सोझै राइफल तेर्स्याएर गोली बर्षाउँथ्यो । आज एक ठाउँ, भोलि अर्को ठाउँ । आफ्नै घर पनि अब बिरानो हुन थाल्यो । म माओवादीमा लागेँ भन्ने धेरैले थाहा पाइसकेका थिए । सुराकीहरूले मेरो बारेमा सरकारलाई सूचना दिइसकेकै थिए । घर जानु पनि मेरो लागि जोखिमपूर्ण नै हुन्थ्यो ।

सबै प्रकारका विभेदको अन्त्य हुन्छ भनेपछि म पनि माओवादी कार्यकर्ता बनेँ । सेनामै भर्ती भएँ । परिवर्तनका लागि भनेर हामी जनयुद्धमा होमिएका थियौं । पार्टीकै निर्देशनअनुसार हामीले सिन्धुली जानु पर्ने भयो । सिन्धुलीमा सप्तरीका मनिष (सरिता) यादव नाम गरेका एक साथीसँग भेट भयो । उनी महिला थिइन् । तर उनको हाउभाउ पुरुषको जस्तो थियो । छोटो कपाल, सर्ट र पाइन्ट लगाउने, जिउडाल र शैली पुरुषको जस्तो थियो । यस्तो व्यक्तिहरूलाई ट्रान्स म्यान भनिदो रहेछ भन्ने पनि मलाई धेरै पछि मात्रै थाहा भयो । हामी दुवै मधेसी समुदायका थियौं । हामीबीच कुराकानी बाक्लो हुँदै गयो । भाषा, संस्कृति मिल्ने भएका कारण हामी एक आपसमा नजिक पनि भयौं । सुखदु:खका, परिवारका, समाजका, युद्धका सबै प्रकारका कुरा हुन्थे । यस्तो कुराकानी हुँदा हुँदै कतिबेला हामी एक अर्काको प्रेममा फस्यौं, त्यो थाहा नै भएन ।

> “मधेसी, महिला र दलितहरूमाथिको विभेद यो युद्धले अन्त्य गर्छ भनेर माओवादीका नेताहरूले भन्थे । उनीहरूको कुराले कलिलो मस्तिष्कमा गहिरो छाप छोड्थ्यो । साँच्चै यो युद्ध सकिएपछि एउटा नयाँ बिहानी आउँछ भन्ने लाग्थ्यो ।”

जनयुद्धमा लागेको छोटो समयमै नेपालमा शान्तिपूर्ण जनआन्दोलन हुन थाल्यो । माओवादीमा प्रवेश गरेको चार वर्ष पनि भयो । सरकारसँग माओवादीको शान्ति सम्झौता भएपछि हाम्रो लागि सजिला दिनहरू आए । ढुक्कले घुमफिर गर्न पाउन थाल्यौं । डर हराउँदै गयो ।

तर, हाम्रो सम्बन्ध चाहिँ जनमुक्ति सेनाभित्र गोप्य रहन सकेन । यस्तो सम्बन्धबारे कमाण्डरले थाहा पाउनु भएछ ।

हामी दुवैलाई बोलाएर “परिवर्तनका लागि हिँडेका सिपाहीले प्रेममा होइन, क्रान्तिमा फोकस गर्नू” भनेर सम्झाउनु भयो । तर प्रेमलाई न युद्धले रोक्छ, न क्रान्तिले छेक्छ ।

हाम्रो सम्बन्ध जारी भएपछि माओवादीको जनमुक्ति सेनाका एक कमाण्डरले “अप्राकृतिक सम्बन्धलाई स्वीकार गरिँदैन, यस्तो सम्बन्धमा बस्ने भए बाहिर जानू” भन्दै हामीलाई त्यहाँबाट निकालियो ।

हामी दुवै बाहिर निस्कियौं । सँगै जीवीको गर्न थाल्यौं । ठूलो परिवर्तनको आशा लिएर माओवादीमा हामी लागेका थियौं । त्यहाँबाट निस्किंदा हात रित्तो थियो, मन रित्तो थियो । हामीसँग साथमा केही रहेन, भएन ।

यता परिवारको आर्थिक अवस्था पनि जर्जर नै थियो । मनिषको घरमा चाहिँ मलाई बुहारीको रुपमा व्यवहार गर्नु हुन्थ्यो । गाउँघरकाहरूले पनि भाउजू, बुहारी नै भन्थे । केही समयपछि मनिषले काम पाउनु भयो । मनिषले पाएको कामले दैनिकी चलाउन सजिलो भयो । मनिषको आमाबुबाको घर छेउमा एउटा सानो घर बनाएर त्यही बस्न थाल्यौं ।

हामी दुवैको सल्लाहअनुसार एक बच्चा जन्माउने इच्छा भयो । हामीले टेस्टट्युब बेबीको प्रविधि अपनाएर एक सन्तान प्राप्त गर्‍यौं । अब हामी दुईबाट तीन भयौं । मैले आफ्नो कोखबाट छोरीलाई जन्म दिएँ । केही समयपछि मनिषको कामको सम्झौता सकियो । त्यसपछि फेरि नयाँ सम्झौता भएन । घरमा छोरी जन्मिसकेकी थिइन् । परिवार चलाउन हामी दुवै जना ज्याला मजदुरी गर्न थाल्यौं ।

> "नेपालमा यसै पनि महिलाहरू उपेक्षित छन् । दलितहरू पनि उपक्षित छन् । दलितको पनि सबैभन्दा तल्लो भनेर हेपिन जात अझै उपेक्षित छन् । अनि मधेसी पनि उपेक्षित छन् । अनि यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरू कुन हदसम्म उपेक्षाको सिकार हुन्छन् यो भोगनेलाई मात्रै थाहा हुन्छ ।"

यसबीच कोरोना महामारी सुरु भयो । मनिष आफ्ना बुबाआमाको घर सप्तरी जानु भएको थियो । म सिरहामा थिएँ । कोरोनाको समयमा जीवन असहज नै थियो । लकडाउनका कारण म सिरहा, मनिस सप्तरीमा अड्किएका थियौं । एक दिन मलाई फोन आयो । फोनमा भनियो - मनिष अब यो संसारमा रहेनन् । उनले आफ्नो ज्यान आफैंले लिए ।

मनिष मेरो श्वास हुनुहुन्थ्यो । मेरो प्राण हुनुहुन्थ्यो । हामी तीन जनाको परिवारको मूली हुनुहुन्थ्यो । उहाँसँग मेरो जीवनका त्यस्ता महत्वपूर्ण समय बितेका थिए । मेरो छोरीको बाबु हुनुहुन्थ्यो । मनिष सबै हुनुहुन्थ्यो । तर अब उहाँ हुनुहुन्न थियो । यो घटनाले मेरो जीवन तहसनहस भयो । म अन्धकारमा फसेको जस्तो भएँ । मेरो लागि दिनरात, भोक निद्रा, केही केही भएन । म

निराशा र बेचैनी बाहेक केही महशुस गरिरहेकी थिइन् । मेरो एउटा मात्रै सहारा पनि दैवले चुँडेर लगिदियो ।

मनिषको निधनपछि छोरीको स्वाथ्य पनि त्यति राम्रो भइरहेको थिएन । मानिसहरूले मनिषको मृत्युमा मलाई नै दोष लगाए । छोरी विरामी हुनमा पनि मलाई नै दोष लगाए । नराम्रा वचनहरू लगाए । समाजको वचन सुन्न नसकेर म माइतीमा आएर बसेँ । माइतीमा पनि सम्बन्ध राम्रो हुन सकेन । त्यसपछि दिदीकहाँ आए ।

अहिलेसम्म मेरो नागरिकता छैन । पतिको रुपमा मनिषले नागरिकता दिलाउन सक्नु हुन्थेन । माइतीमा सबैको नागरिकता छ । मेरो बनाइदिन उहाँहरूले चाहनु भएन । बनाइदिनू भन्दा सधै बहानाबाजी मात्रै छ ।

माओवादी विद्रोहमा लागेका कारण म केही बोल्न सक्छु । आफ्नो कुरा राख्न सक्छु । भन्नेहरूले मलाई यो बाठी छ भन्छन् । तर यो बठ्याईंले के गर्नु ? जब नागरिकतासमेत मसँग छैन भने । पति रहेनन् । धनसम्पत्ति छैन । चार वर्ष भूमिगत राजनीति गरेको पार्टीले खाली हात निकालिदियो ।

अहिले छोरी सात वर्षकी भइन् । उनी कक्षा २ मा पढ्दै छिन् । मेरो नागरिकता नभएका कारण छोरीको जन्मदर्ता पनि गर्न सकेकी छैन । अहिले म सोच्छु, म कहाँ कहाँबाट पीडित, अपहेलित, तिरष्कृत र अपमानित भएँ त ? गन्दै जाँदा यस्तो हुँदो रहेछ - समाजवाबाट, पार्टीबाट, माइतीबाट, राज्यबाट, आफन्तबाट । सबै तिरबाट ।





# अव्यक्त प्रेम

• सम्झना विश्वकर्मा

घरको वरिपरि सेतो कमेरो । पृष्ठभूमिमा रातो माटोको पट्की । छानो खरको । यस्तो घरले नेपाली समाजको झल्को दिन्छ । आजकल यस्ता घर बन्न छाडे । तर म यस्तै घरमा जन्मेँ । जेठी छोरीको रुपमा । मपछि बहिनीको जन्म भयो । यसपछि हामी चार जना भयौं । चार जनाको हाम्रो परिवार सानो र सुखी हो भन्दा कत्ति फरक पर्दैन ।

सानैदेखि धेरै नबोल्ने, कसैलाई चाँडै साथी बनाइहाल्न नसक्ने प्रकारको वा भनौं मेरो स्वभाव अन्तरमुखी थियो । बुबासँग डर थियो कि ? के थियो थाहा छैन । मेरो मुखबाट “बुबा” भन्ने शब्द कहिल्यै निस्किदैन थियो ।

म सानैदेखि परिवारको हरेक दुख र सुख बुझ्ने छोरी थिएँ । अनि बहिनी भने चञ्चले । मलाई उनको विचारहरु व्यक्त गर्ने क्षमता र आफ्नो निर्णय गर्ने सामर्थ्यले आश्चर्य र इर्ष्या दुवै गराउँथ्यो । म भने आफ्नो भूमिकासँग जोडिएका अपेक्षाहरुले थिचिएको महसुस गर्थें ।

कक्षा १२ को परीक्षा भर्खर दिएकी थिएँ । त्यही बेला कोरोना महामारीले लकडाउन भएको थियो । महामारी शान्त भएपछि पढाई नियमित हुनु पर्ने थियो । तर, मलाई पढ्न मन लागेन ।

लकडाउन खुलेको २-३ हप्ता मात्र भएको थियो । एक्कासी मलाई सर्लाही बस्न

मन लागेन । मेरो दिमागमा काठमाडौंको भूत सवार भयो । काठमाडौं त सपना पूरा गर्नेहरूको सहर हो । सर्लाही सानो छ । काठमाडौं ठूलो छ । सर्लाहीमा नभएका धेरै कुरा काठमाडौंमा छन् । अवसरहरू त्यही धेरै छन् । कैयनले आफ्नो भाग्यको परीक्षा काठमाडौंमै गएर दिएका छन् । एक पटक काठमाडौंले चिनेको मान्छेलाई देशले नै चिन्छ । तर जिल्लाले चिनेको मान्छेलाई काठमाडौंले चिन्दैन । उस्तै परे छिमेकको जिल्लाले पनि चिन्दैन ।

नयाँ अवसर, नयाँ ठाउँ, नयाँ उत्साहका लागि पनि मैले आफ्नो गन्तव्य काठमाडौंलाई बनाउन थालें । एक दिन आमाबुबालाई भने, "अब त म काठमाडौं जाने हो ।" मेरो कुरा सुनेर आमाबुबा दुवैजना आश्चर्यचकित मात्रै हुनु भयो । १२ कक्षा पास गरिसकेको छैन । बाल्यकाल बितिसकेको छैन । उमेर पुगेको छैन । तर छोरीले काठमाडौं जान्छु भनेपछि उहाँहरूको मनमा पनि लाग्यो होला, "हैन, यसले काठमाडौं गएर चाहिँ के गर्छे ? कसले पाल्छ यसलाई ?"

अक्सर म काठमाडौं जान्छु भन्थे । उहाँहरूले "अरु जे जे गर्ने गर, काठमाडौं जाने कुरा नगर ।" आफूलाई ठूली भइसके जस्तो लाग्ने । आमाबाबुको नजरमा सन्तान सँधै बच्चै हुने । बाबुआमा र सन्तानबीचको दृष्टिकोणको यो अन्तरले मेरो घरभित्र संघर्ष गरिरहेको थियो ।

तर, मेरी बहिनीलाई आमाबुबाले काठमाडौंमै राखेर पढाइ रहनु भएको थियो । उनी काम पनि गर्थिन् । मैले भने, "म गएपछि बहिनीलाई पनि त सजिलो हुन्छ । दुई बहिनी बस्छौं, गर्छौं ।" आमाले भन्नु हुन्थ्यो, "गर्छौं चाहिँ के त ?" मसँग



यहि गर्छु भन्ने योजना थिएन । अनि आमालाई दिने जवाफ पनि थिएन । तर जिद्दी त कहाँ छाडेँ र ? अन्तिममा मेरो खुसीका अगाडि आमाबुबाले आफ्नो अडान फेर्नु भयो । काठमाडौंमा पाइला टेकेँ, खुसीले जमिनमा खुट्टाले टेकेन ।

बहिनीले मेरो लागि पनि काम खोजिदिन सहयोग गरिन् । नयाँ जागिरका लागि अन्तर्वार्ता दिनु पर्ने भयो । पहिलो अन्तर्वार्ता अलि सकस भयो । डराउनु पर्ने कारण थिएन । अन्तर्वार्तामा नडराउने चाहिँ मान्छे नै नहुँदा रहेछन् । पहिलो अन्तर्वार्ताबाटै म छनौट भएँ । काम पाएँ, अनि गर्न थालेँ ।

नयाँ ठाउँ भएपछि सुरुमै काम पाएँ । नयाँ साथीहरु बनाए । काम पाएर मात्रै पनि हुँदैन, आफूलाई दिइएको काममा पारङ्गत पनि हुनु पर्छ । यसका लागि मेहनत गर्नुपर्छ । स्कुल कलेजमा त किताबी कुरा घोकाइन्छ । तर वास्तविक जीवनमा किताबका ती ज्ञान धेरै कामै लाग्दैनन् । जीवन चलाउन सिक्ने कुरा बेग्लै हुन्छन् ।



सामाजिक सञ्जालमा एक जना महिला साथी थिइन् मेरी । सुरुमा त आम महिला वा केटी साथी झैं उनीसँग कुरा हुन्थ्यो । केटीकेटीबीच साथी हुनु कुन नौलो हो र ? फेरि उहि लिङ्गका मान्छेबीचको साथी जस्तो अर्को लिङ्गबीच साथी हुन सम्भव छैन । त्यस्तै त्यस्तै सोचेर मैले उनलाई पनि साथी बनाएँ ।

म्यासेन्जरमा कुरा हुन्थ्यो । भेट भएको थिएन । कुराकानी राम्रै हुन्थ्यो । एक दिन भेट्ने सल्लाह भयो । केही दिनमा भेट पनि भइहाल्यो ।

हामी दुवैले एक अर्काको कुरा सुन्यौं । भावना बुझ्यौं । बेलाबेला भेट्ने वाचासहित छुट्टियौं । समय मिलेको बेला हाम्रो भेट बाक्लिन थाल्यो । उनी नरिवल जस्ती थिइन् । बाहिर कडा, भित्र नरम, वा दयालु । हेर्दा कडा जस्तो लागे पनि उनको मन कमलो थियो । साँच्चै भन्ने हो भने बाहिर रुखो कडा बोल्ने अक्सर मानिसहरू भित्री मनका कोमल र दयालु नै हुन्छन् । बाहिर चिप्ला कुरा गर्नेहरू खतरानाक ।

मैले नसोध्दा पनि उनले आफूलाई “एलजीबीटीआई” समुदायकी हुँ भन्थिन । म अनौठो मान्थें । के होला ? कस्तो होला ? भन्ने जिज्ञासा आउँथ्यो । अनि हराएर जान्थ्यो । उनले भनेका कतिपय कुरा दिमागसम्म पुग्थे, कति त बाहिरै बिलाउँथे । मेरो बुझाईमा चाहिँ “महिनावारी नहुने महिलालाई “एलजीबीटीआई” भनेको होला भन्ने लाग्थ्यो ।

उनीसँग कुराकानी, भेटघाट, घुमफिर सबै भइरहेकै थियो । एक दिन उनले मसँग प्रेमको प्रस्ताव राखिन् । अब म बडो बिलखबन्दमा परेँ । मैले आफूलाई नै चिनेकी छैन । कसरी म उनको प्रस्तावलाई स्वीकार, अस्वीकार गरुँ ? मैले समय मागेँ । उनले कुनै दबाब दिइनन् ।




मनमा भावनाका तरङ्गहरू खेलिरहेकै थिए । उनको हरेक कुराहरू मलाई मन परिरहेका थिए । उनीप्रतिको खास भावना नभई दिएको भए यसरी मामिला अघि बढ्ने पनि थिएन । उनका हरेक कुरा मन पर्नुको अर्थ प्रेम नभए के त ? मैले धेरै सोचेँ । अनि उनलाई “हुन्छ” भन्ने खुसीको खबर दिएँ ।

लामो समयपछि मेरो र उनको प्रेम सम्बन्ध मेरो घरसम्म पुग्यो । आमाबुबाले जसरी भए पनि काठमाडौंबाट फर्किनू भन्ने उर्दी जारी गर्न थाल्नु भयो । परिवारबाट दबाब आइरहे पनि म अटेर गरेरै बसेकी थिएँ । मैले परिवारलाई नभेटेको पनि धेरै भइसकेको थियो ।

एक दिन मम्मी (आमा)ले "बुबा विदेशबाट फर्किंदै हुनुहुन्छ" भन्नु भयो । मम्मी पनि काठमाडौं आउनु भयो । अनि हामी बुबालाई लिन विमानस्थल पुग्यौं । बुबा विदेशबाट आउनु भयो । हामी छोरीहरूका लागि त खुसी आएको थियो नी । बुबा आउनु नै एउटा खुसी हुँदै हो । त्यसमाथि परिवार एकजुट हुँदा त्यसको अर्कै खुसी हुन्छ । भोलिपल्ट मम्मी बुबाले मलाई सर्लाही जान भन्नु भयो । मैले जान्न भनेर जिद्दी गरें । उहाँहरूले फकाउनु भयो, घुर्क्याउनु भयो, तर्साउनु भयो । तर मैले सर्लाही जान्न नै भनिरहें । त्यसपछि मलाई बुबाले कुटपिट गर्नुभयो । मम्मी बुबाको डरले म घर फर्किएँ ।

> मैले नसोध्दा पनि उनले आफूलाई "एलजीबीटीआई" समुदायकी हुँ भन्थिन । म अनौठो मान्थें । के होला ? कस्तो होला ? भन्ने जिज्ञासा आउँथ्यो । मेरो बुझाईमा चाहिँ "महिनावारी नहुने महिलालाई "एलजीबीटीआई" भनेको होला भन्ने लाग्थ्यो ।

घर पुगेको १६-१७ दिनपछि हेटौडा ठूलोमम्मीको घर गएँ । त्यहाँबाट भागेर म आफ्नो पार्टनर भेट्न काठमाडौं आएँ । त्यो बेला हामीसँग एक पैसा पनि थिएन । कहाँ बस्ने ठेगान थिएन । के गर्ने योजना थिएन । काठमाडौं आएपछि मितिनी नेपालको शरणमा पुग्यौं ।

त्यो बेला मितिनी नेपालले "गौरव महिना" नामक कार्यक्रम सञ्चालन गरिरहेको रहेछ । त्यो कार्यक्रममा हामी पनि सहभागी भयौं । हामी जस्तै अरु जोडीहरू पनि देख्यौं । मनले राहत पायो । हामी मात्रै एक्लो जोडी होइन रहेछ, अरु पनि रहेछन् भन्ने लाग्यो । मितिनी नेपालमा हामीले "सँगै बस्ने अधिकारका लागि पहल गरिदिन" आग्रह गर्दै निवेदन दर्ता गऱ्यौं । मितिनी नेपालले हामीलाई समलिङ्गी जोडीको हक अधिकारबारे परामर्श दिनु भयो । मितिनी नेपालको परामर्शले हामीलाई राहत त भयो । तर पारिवारिक अवरोधका कारण हाम्रो सम्बन्धलाई टिकाइराख्न सहज थिएन । बलपूर्वक छुटाएर लैजानु हुन्छ कि भन्ने मनमा डर थियो । दुई हप्तासम्म मितिनी नेपालको सुरक्षित आवासमा राख्नुभयो । केही समयपछि हामी दुवैजनाले मितिनी नेपालमा आवद्ध भएर काम गर्ने अवसर पायौं ।

यसैगरी हामी संघर्ष गर्दै नयाँ जीवनमा हाम्रो लागि स्थान बनाउँदै जान थाल्यौं ।



# भन्न नमिल्ने नाता

● शीतल थापा

*मेरो जीवनको वास्तविक कथा ।*
*हामी दुई महिला-महिलाबीचको माया ।*
*अधिकार नपाउँदा पनि, हाम्रो लागि कानुन नै नहुँदा पनि नटुटेको माया ।*
*अरू केही न सोची जिन्दगी भरसँगै जीवन बिताउने आशामा बाँधिएको माया ।*

मैले बारा जितपुरमा ब्युटी पार्लर खोलेर जीवन चलाउँदै थिएँ । एक दिन अचानक म बसेको घरमा एकजना पुरुष आउनु भयो । हाउभाउ पुरुष जस्तो भए पनि उहाँ महिला हुनुहुँदो रहेछ ।

कपाल काटेर चटक्क परेको पुरुषको पहिरन जस्तो देखिने तर बोलिबाट भने उहाँ महिला भनेर चिनियो । उहाँले मलाई "बैनी यो घरमा कोठा खाली छ ?" भन्दै सोध्नु भयो ।

"घरबेटी आन्टीलाई बोलाइदिन्छु, आफै कुरा गर्नू" भनें । आन्टी आउनु भयो । उहाँहरूबीच कुराकानी भयो । आन्टीले "एक हप्तापछि मात्र कोठा खाली हुन्छ" भन्दै माथि जानु भयो । हामी दुईजना भने आफ्नो-आफ्नो बारेमा कुरा गर्दै बस्न थाल्यौं ।

उहाँलाई कोठाको एकदमै खाँचो भएको कुरा बताउनु भयो । महिला नै भएको कारण एक हप्तासम्म मेरो कोठा सेयर गरी सँगै बस्ने कुरा गर्नुभयो । हामीले सँगै बस्ने निर्णय गर्‍यौं । एक हप्तासँगै बस्दा हाम्रो माया बस्दै गयो ।

पछि उहाँले अलग कोठा लिनुभयो तर कहिले उहाँको कोठामा त कहिले मेरो कोठामा बस्न थाल्यौं । यसरी हामी दुवैले १ वर्ष सँगै बितायौं । त्यसैगरि सन् २०१६ मा काठमाडौंबाट मितिनी नेपाल संस्थाले होमोफोबिया डे कार्यक्रमको लागि सहभागी हुन फोन गर्नुभयो ।

उहाँले मलाई "तिमी पनि जान्छौ ?" भनेर सोध्नु भयो । मैले "जान्छु" भने । म पहिलोपटक उहाँसँग काठमाडौं जाँदै थिएँ । मनमा एक प्रकारको डर पनि थियो । तर कार्यक्रममा हामी जस्तो जोडीहरु अरु पनि धेरै देखें र मनमा हौसला बढ्यो । लक्ष्मी घलान दाजु र सरिता के.सी. दिदीलगायत साथीभाइ, दिदीबहिनीहरुसँग चिनजान भयो ।

एकछिन रमाइलो गरियो, भेटघाट गर्दै गरौंला र फोनमा पनि कुरा गर्दै गरौंला भन्ने वाचाका साथ सबै आ-आफ्नो घर तर्फ लाग्यौ । केही समयपछि उहाँको बारा जितपुरबाट रुपन्देहीमा सरुवा भयो । हामीलाई एकअर्कामा छुट्टिएर बस्न गाह्रो भयो । टाढा हुँदा माया झन गाढा हुने रहेछ ।

एकअर्काबाट नछुट्टिने जीवन भर दु:ख सुखमा साथ दिने वाचा गरी कसम खाएका थियौं । त्यसैले मैले पसल बेचेर उहाँ सँगसँगै जाने निर्णय गरें । हामीले त्यहाँ कोठा पनि पायौं र "हामी दिदीबहिनी हो" भनेर त्यहाँका छरछिमेकीहरुलाई चिनाउने गर्थ्यौं ।

यसरी केही वर्ष बित्यो । कोरोनाको समय थियो, एकदिन उहाँलाई एक्कासी श्वास फेर्न गाह्रो भयो । मैले उहाँलाई अस्पताल लगें । अस्पताल पुग्न ३०





मिनेट लाग्यो । त्यो ३० मिनेट पनि मलाई २ घण्टा झैं भयो । उहाँलाई छट्पटी भएको देखेर मैले आफूलाई सम्हाल्न सकिरहेकी थिइनँ । उहाँलाई एकोहोरो हेर्न बाहेक केही विकल्प पनि थिएन ।

अस्पताल पुग्यौं र डाक्टरलाई भेटेर उहाँलाई अक्सिजन दिन थालियो । अर्को निजी अस्पताल लैजानू भन्ने सल्लाह त्यहाँका डाक्टरहरुले दिए । एम्बुलेन्समा राखेर अर्को अस्पताल तर्फ लाग्यौं । म भने उहाँलाई देखेर झन् आत्तिन थालें । मनमा विभिन्न सोच भरिन थाले । कतै उहाँले मलाई छोडेर जाने त होइन ? म एक्लो भए भने के गर्छु होला ? यस्ता कैयन नकारात्मक सोचहरु पलाए ।

अस्पताल आइपुग्यौं । इमर्जेन्सीमा तुरुन्तै थप उपचार हुन थाल्यो । म पनि संगै भित्र गएँ । डाक्टरले मलाई हेर्नु भयो र तपाई उहाँको को पर्नुहुन्छ ? भनेर सोध्नु भयो । म एकछिन सोचमा परें । भन्न त मन थियो "म उहाँकी श्रीमती हुँ" भनेर, तर नेपालको कानुनमा हामी जस्तो जोडीको लागि कुनै हक अधिकार सुनिश्चित नभएको कारणले "म उहाँको साथी हुँ" भन्न बाध्य भएँ ।

यति बेलासम्म म उहाँ सँगसँगै बसेको ५ बर्ष भएको कुरा डाक्टरलाई सुनाएँ । उहाँलाई के भाको हो ? निको त हुन्छ नि ? भनेर सोध्दा डाक्टरले "निको हुन्छ नआत्तिनु तर उहाँको घरमा खबर गर्नु होला" भनी बाहिर जानु भयो ।

म उहाँको छेउमा गएँ । घरमा खबर गरौं ? भनेर सोधें । उहाँले "पर्दैन खबर गर्न, म ठीक हुन्छु" भनेर आत्मविश्वास देखाउनु भयो । केही दिनको उपचारपछि उहाँ ठीक हुँदै जानु भयो । अस्पताल भित्र उहाँको स्याहारसुसार गर्दै, कुरा गर्दै कहिलेकाहीं फोटोहरु खिच्दै चार दिन बित्यो ।

अस्पतालबाट डिस्चार्ज हुने दिनमा औषधिहरु लिएर घर फर्कियौं । उहाँ राम्रोसँग सन्चो नहुँदासम्म कामबाट बिदा लिइएको थियो । कोठामा बसेर फोटोहरु हेर्दै धेरै कुराहरु गर्दै समय कटायौं ।

केही महिनापछि उहाँको रुपन्देही भैरहवाबाट नवलपरासी महेन्द्रपुरमा सरुवा भयो । त्यो ठाउँमा पनि हामी कसैलाई दिदीबहिनी त कहिले साथी हौं भनेर चिनाउने गर्थ्यौं ।

हामी खुलेर बसेका थिएनौं । पहिचान खुलाउँदा हामी जस्तो समुदायको धेरै जोडीले आफ्नो रोजगारी गुमाएका थिए । ठाउँ ठाउँमा कोठाहरू नपाउने भन्ने सुनेको थिएँ । त्यसैले हामीलाई पनि यस्ता अप्ठेरो दिनहरू नआओस् भनेर पहिचान र सम्बन्ध लुकाउने गर्थ्यौं ।

कहिलेकाँही मन खिन्न हुन्थ्यो । "हामी श्रीमान श्रीमती हो" भनेर खुल्न नपाउँदा । अहिले भने हामी संगै बस्दै आएको ८ वर्ष भयो । हामीले मेरो माइतीनजिकै जग्गा किनेर घर बनाएका छौं । जीवनमा सजिलो अप्ठ्यारो जस्तो परिस्थिति आए पनि हरेस नखाने, संघर्ष गर्ने प्रण गरेका छौं । भविष्यमा दुवैको आर्थिक सुरक्षाको बन्दोबस्त कसरी मिलाउने भन्ने विषयमा पनि हामीले छलफल गर्दै आएका छौं ।

"हामी खुलेर बसेका थिएनौं । पहिचान खुलाउँदा हामी जस्तो समुदायको धेरै जोडीले आफ्नो रोजगारी गुमाएका थिए । ठाउँ ठाउँमा कोठाहरू नपाउने भन्ने सुनेको थिएँ । त्यसैले हामीलाई पनि यस्ता अप्ठेरो दिनहरू नआओस् भनेर पहिचान र सम्बन्ध लुकाउने गर्थ्यौं ।"



# श्रीमा छैन किरण

श्रीमाया गुरुङ्ग



किरणसँग मेरो पहिलो भेट आफ्नै घरमा भएको थियो । उहाँ मेरो छिमेकीको साथी हुनुहुन्थ्यो । छिमेकी पनि साथी नै थिइन् । साथीकी साथी पछि मेरो पनि साथी हुनु भयो ।

छिमेकी साथी कहाँ किरण अक्सर जाने आउने गर्नुहुन्थ्यो । यो कारणले मैले उहाँलाई देखेकी थिएँ । केटी भएको ठाउँमा केटा आउँदा मानिसहरूले अलि चासो दिन्छन् । केटीभए ठाउँ केटी नै आउँदा अलि कम ध्यान दिन्छन् । यो कारणले पनि उहाँ मेरोमा आउनु वा म उहाँसँग जानु, कुरा गर्नु आम रुपमा खास चासोको विषय बन्थेन । चासो त तब मात्रै बन्छ, जब केटी-केटी खास सम्बन्धमा छन् भन्ने कुरा अरुले थाहा पाउँछन् । त्यो बेला त मानिसहरूको चासोले उसरी आकाश छुन्छ कि मानौं, त्यहाँ कुनै ठूलो दुर्घटना नै भएको जस्तै गरी ।

किरणसँग मेरो कुराकानी र भेटघाट बाक्लिन थाल्यो । यसो हुनुमा कुनै न कुनै कुराको भावनात्मक सम्बन्ध पनि कारक थियो । हाम्रो भावना मिल्दै गयो । चाहना र रुची पनि मिल्न थाले । एक अर्काप्रतिको रुची बढेपछि मन साटिन कति नै बेर लाग्छ र ?

किरण र मेरो घरको दूरी एक घण्टा जतिको थियो । मन जोडिन थालेपछि त्यो एक घण्टाको दूरी १ मिनेटमा झर्दो रहेछ । अनि मन टाढा भयो भने एक मिनेटको दूरी एक दिनमा पनि पुगिदैन ।

हामी नजिक हुन थालिसकेकै थियौं । भावना र प्रेमका कुरा भइरहेका थिए । अब सम्बन्धलाई औपचारिकता दिने रहर इच्छा दुवैतर्फ थियो । एक दिन हामी सम्बन्धमा बस्ने अघोषित निर्णयमा पुग्यौं । घोषणा भएको थिएन । बोलीले प्रष्ट थिएन । तर हामी सँगै बस्ने भइसकेका थियौं ।

दुवैले नेपालगञ्ज जाने सल्लाह गऱ्यौं । नेपालगञ्ज पुगेपछि हामी निलहीरा समाजको सम्पर्कमा पुग्यौं । समाजको नेपालगञ्ज शाखामा आवद्ध भएर काम गर्न थाल्यौं । त्यहाँ सुरुमा किरन काम गर्नु हुन्थ्यो । पछि किरनको ठाउँमा मलाई राख्नु भयो । अनि किरनले साइकल स्टोरको काम गर्न थाल्नु भयो । सानोतिनो भए पनि दुवैले काम गर्न थालेपछि जीवन चलाउन समस्या भएन ।

२०७७ सालतिर कोरोना महामारी विश्वभर फैलियो । नेपालमा कोरोना पस्छ र पस्दैन भन्नेहरू कुरा गर्थे । कसैले कोरोना लागेपछि मान्छे मरिहाल्छ भन्थे । कसैले २-३ प्रतिशत मात्रै मान्छे मर्छन्, धेरै चाहिँ केही हुँदैनन् भन्थे । तर, यो महामारीले धेरैको होस उडायो । धेरैलाई आतंकित पाऱ्यो ।



कोरोना नेपाल पस्ला नपस्ला भन्दा भन्दै पस्यो । मानिसहरू बिरामी हुन थाले । रेडियो टेलिभिजनहरूले कोरोनाका कारण ज्यान गुमाएका मानिसहरूको संख्या सुनाउन थाले । यस्तो संख्या सुनेर मन डराउँथ्यो । कोरोनाबाट जोगिने प्रयास गर्दा गर्दै एक दिन किरनलाई हनहनी ज्वरो आयो । औषधि खाएको केही घण्टा ज्वरो कम हुन्थ्यो । औषधिले काम गर्न छाडेपछि फेरि ज्वरो बढ्न थाल्थ्यो । बिस्तारै खोकी लाग्न थाल्यो । खोकी यसरी लाग्थ्यो कि मानौं फोक्सो नै बाहिर आउला झैं गरी ।

उपचारका लागि उहाँलाई अस्पताल लग्यौं । अस्पताल लगेको तीन दिनमा उहाँलाई कोरोनाले



सदाका लागि हामीबाट चुँडेर लग्यो ।

लकडाउनका कारण किरणको मृत्युमा उहाँको घरबाट कोही पनि आउन सक्नु भएन । किरणको दाजुकी छोरी, ज्वाइँ, छोरा र छोरी आउनु भयो । म र मेरा साथीहरू समेत मिलेर उहाँको अन्त्येष्टि गऱ्यौं ।

कोरोनाले किरणलाई मात्रै लगेको थिएन । मेरो खुसी लगेको थियो । किरणको परिवारको खुसी लगेको थियो । सपना र आशाहरू पनि लगेको थियो । किरणको किरिया बस्दा कोरोनाको लक्षण ममा पनि देखियो । शोक बारेको बेला ममाथि कोरोनाले पनि दु:ख दियो । जीवन भनेको त आखिर के रहेछ र ? बाँच्न लेखेको रहेछ भने मान्छे जसरी पनि बाँच्ने । मर्न लेखेको रहेछ भने जसो गरी पनि मर्नै पर्ने । मलाई मेरो भाग्यले मर्न दिएन । किरणलाई बाँच्न दिएन ।

सुख दु:ख गरेर हामी दुईले जीवन चलाइरहेका थियौं । हामी एक रथका दुई पाङ्ग्रा जस्ता थियौं । एउटा पाङ्ग्रा दैवले चुडेर लगेपछि अब म एक्लिएँ । अधुरो, अपूरो भएँ ।

दु:खैले एउटा सानो घर बनाएका थियौं । त्यो घरमा बस्न थालेको पनि धेरै भएको थिएन । अहिले घर छ, उहाँ हुनुहुन्न । उहाँका सम्झना यो घरमा टाँसिएका छन् । उहाँसँग बिताएका पलहरू स्मरणमा छन् । उहाँ चाहिँ हुनुहुन्न ।

२०७८ साल वैशाख २६ मा उहाँले यो संसार छाडेर जानु भयो । हेर्दा हेर्दै तीन वर्ष पूरा भए । तर अहिले पनि किरण आइहाल्नु हुन्छ कि जस्तो लाग्छ । केही वर्षका लागि बाहिर गएको मात्रै हो कि जस्तो लाग्छ ।

भेरी अस्पतालमा जीवनका अन्तिम श्वास फेर्दै गर्दा उहाँको उपचारका लागि भनेर मितिनी नेपालले २५ हजार रुपैयाँ सहयोग गरेको थियो । उपचार गर्दागर्दै उहाँको निधन भयो । त्यो २५ हजार रुपैयाँले काजकिरिया गरेँ । उहाँको आत्माले शान्ति पाओस् भनेर परमेश्वरसँग पुकार गरेँ । भगवान कतै छन् भने उहाँलाई परलोकमा शान्ति देलान् ।

उहाँको निधन भएपछि मृत्यु दर्ता गर्ने बेला उहाँको परिवारका सदस्यहरूले मलाई साथमै लिएर जानु भएन । मसँग भएको पैसा पनि सबै लिएर जानु भयो । समलिङ्गी सम्बन्ध भएका कारण किरणको सम्पत्तिमा मैले दावी गर्न पनि पाइनँ । किरणसँगको वियोगले मलाई मानिसक रुपमा धेरै पीडित बनायो । मानसिक चिन्ता र तनावको सिकार बने । दु:खको सागरमा एक्लै परेँ जस्तो लागिरहन्थ्यो ।

समय एकनास नहुने । दु:खका घाउमा पनि खाटो बस्दै जाँदो रहेछ । विस्तारै आफू सम्हालिँदै आएँ । मेरो समुदायका साथीहरूले मलाई सान्त्वना, आड भरोसा दिइरहनु भयो । जसोतसो फेरि उभिएकी छु । जीवनलाई संघर्ष मानेर घस्रिरहेकी छु ।

“उहाँको निधन भएपछि मृत्यु दर्ता गर्ने बेला उहाँको परिवारका सदस्यहरूले मलाई साथमै लिएर जानु भएन । मसँग भएको पैसा पनि सबै लिएर जानु भयो । समलिङ्गी सम्बन्ध भएका कारण किरणको सम्पत्तिमा मैले दावी गर्न पनि पाइनँ । किरणसँगको वियोगले मलाई मानिसक रुपमा धेरै पीडित बनायो ।”



# सानो संसार

● सिता राना

दुई वर्षकी हुँदा आमा बित्नु भएछ । आमा बितेको कुरा मैले पछि थाहा पाएँ । आमाको अनुहार अहिले फोटो हेरेर यस्तो थियो होला भन्ने मात्रै छ । मेरी आमा कस्ती हुनुहुन्थ्यो होला ? कसरी बोल्नु हुन्थ्यो होला ? यो थाहा छैन । आमा त आमा नै हुन् । आमाको मायासँग दुनियाँको कुनै पनि कुराको तुलना हुँदैन । तर मैले मेरी आमाको माया अनुभूति गर्न पाइनँ ।

आमाले मलाई गरेको माया थाहा पाउँदा पाउँदै हामीलाई छाडेर जानु भएको भए, त्यो बेला झन कति गाह्रो हुन्थ्यो होला ? स-साना सन्तानलाई छाडेर जानु पर्दा आमाको मन कति रोयो होला ? यसको त अब के हिसाब गर्नु ? के सोच्नु जस्तो पनि लाग्छ । तर, पनि आमा, आमा नै हुन् । म बाँचिरहेसम्म त मेरी आमाको महत्व मलाई भइरहन्छ । किनभने उहाँलाई सम्झिने भनेको उहाँका सन्तानहरु नै हुँदा रहेछन् । अरुले त कसले सम्झिन्छ होला र ?

आमा बितेपछि बुबाले दोस्रो विवाह गर्नुभयो । त्यो बुबाको बाध्यता पनि बन्यो होला । घरमा खान लाउनकै दु:ख त थिएन । तर आमा बिनाको घरमा धेरै कुरा भए पनि त्यहाँ मुख्य कुरा हुँदैन । त्यहाँ आमाको माया हुँदैन । आमा बितेपछि म र मेरो दाइ टुहुरा हुन पुग्यौं । आमाबिनाका टुहुरा । आमाको अभाव मलाई भन्दा मेरो दाइलाई बढी भयो होला । हुर्किंदै गएपछि मैले पनि मेरी आमा यो संसारमा छैनन् भन्ने थाहा पाएँ । अरुका आमाहरुले उनीहरुलाई गरेको माया देख्थे । त्यस्तो माया हामीलाई त कसले गर्ने ?

म र मेरा दाइमाथि आमाको छत्रछायाँ छैन भन्ने कुरा अरुले के कति बुझे थाहा भएन । तर मेरी हजुरआमाकी बहिनीले अलिअलि बुझ्नु भएछ । उहाँ एकल महिला हुनुहुन्थ्यो । आमा बिनाकी मलाई मेरी हजुरआमाकी बहिनी अथवा हजुरआमा नै भनौं । उहाँले मलाई आफैंसँग राख्नु भयो । आमाले, बुबाले दिने माया उहाँले नै दिनु भयो । उहाँलाई पनि लाग्यो होला, मेरी दिदीकी नातिनीको को छ र ? १४-१५ वर्ष हुँदासम्म हजुरआमाको मायामा बसें ।

एक दिन मनले किन त्यसो भन्यो ? के भयो मलाई थाहा छैन । आफ्नो घर जाउँ जाउँ लाग्यो । "हजुरआमा सुन्नु न ।" मैले हजुरआमालाई मेरो कुरा सुनाउन चाहें । हजुरआमाले म तिर हेर्नुभयो । अनि केही नबोली टाउकोको इशाराले के भन्न खोजेकी ? भनेर सोध्नु भयो ? मैले भने, "मलाई घर जाउँजाउँ लागेको छ ।" हजुरआमा एकछिन अडिनु भयो । अनि भन्नु भयो, "तँलाई मन लागेको भए जा न त । आफ्नो घर जान पनि सोध्नु पर्छ त ?"

म खुसी भएँ: अनि दु:खी भएँ । हजुरआमालाई छाडेर जाने कुराले दु:खी बनायो । आफ्नो घर जाने कुराले खुसी ।

घर गएँ । कान्छी आमा, कान्छी आमातिरका भाइ बहिनीसँगै बस्न थाले । त्यस्तो नराम्रो त मेरो घरमा थिएन । तर आफ्नै आमा नभएकोले होला, केही

"वीरेन्द्रनगरमा मैले अनौठो केटो मान्छेलाई देखें । संयोग भनौं, भाग्य भनौं उनीसँग मेरो भेट भयो । कुराकानी भयो । मैले केटो भनेको मान्छे खासमा केटी रहेको पछि थाहा पाउँदा छक्क पनि परें । खासमा उहाँ "ट्रान्स म्यान" हुनुहुँदो रहेछ ।"





कुराको अभाव भइरहन्थ्यो । केही अपूरो लागिरहन्थ्यो । मेरो घरनजिकै फूपूको पनि घर थियो । फूपूले मलाई धेरै माया गर्नुहुन्थ्यो । फूपूकी ठूली छोरी सुर्खेत बसेर पढ्नु हुन्थ्यो । वीरेन्द्रनगरमा हामी दिदीलाई खर्च पुऱ्याउन गएका थियौं । खासमा म आफ्नो घरमा भन्दा बढी फूपूकै घरमा बस्न थालेकी थिएँ । त्यही भएर पनि मलाई समेत वीरेन्द्रनगर लिएर जानु भयो ।

वीरेन्द्रनगरमा मैले अनौठो केटो मान्छेलाई देखेँ । संयोग भनौं, भाग्य भनौं उनीसँग मेरो भेट भयो । कुराकानी भयो । मैले केटो भनेको मान्छे खासमा केटी रहेको पछि थाहा पाउँदा छक्क पनि परेँ । खासमा उहाँ "ट्रान्स म्यान" हुनुहुँदो रहेछ । उहाँसँग छोटो कुराकानी भयो । अरु त्यस्तो खास केही भएन ।

त्यो छोटो कुराकानीले मेरो जीवनलाई नै पछ्याइ रहन्छ, त्यो भेट नयाँ जीवनको प्रस्थान बिन्दु हुन्छ भन्ने सोचेकी थिइनँ । सोच्नु पनि कसरी ? यसरी त जीवनमा सयौं मानिस भेटिन्छन्, छुट्टिन्छन् । एक पटक भेट भएर फेरि कहिले पनि भेट नहुने मान्छे नै कति हुन्छन् कति । तिनको हिसाब कसले राख्छ होला र ?

उनी केटा जस्तो भए पनि उनको नाम शीला गुरुङ रहिछन् । मलाई चाहिँ किन किन उनी केटा नै भन्ने परिरह्यो । तर, म सीता राना चाहिँ उनीजस्तो थिइनँ ।

उनीसँग भेट भयो । लगत्तै छुट भयो । सम्पर्क चलिरह्यो । त्यो बेला अहिलेको जस्तो मोबाइल हातहातमा थिएन । इमेल इन्टरनेटमा हाम्रो पहुँच पनि थिएन । सामाजिक सञ्जालहरुको समय पनि थिएन । हुलाकबाट पठाएका चिठीको भरमा हाम्रो कुराकानी हुन्थ्यो । १५ दिनअघि लेखेका पत्र १५ दिनपछि पढ्दा पनि प्रत्यक्ष उनको कुरा सुनिरहे जस्तो लाग्थ्यो । यो क्रम दुई वर्ष चल्यो । चिठ्ठीमै आफ्ना भावनाहरु साटासाट गर्दा २ वर्ष बितेको पनि पत्तो भएन । एक अर्काको

भावना बुझ्न कहाँ भेट गरिरहनु पर्ने रहेछ र ? एक अर्काको पत्र पढेरै हामीले दुवै जना एक अर्काका लागि बनेका रहेछौं जस्तो लाग्न थालेको थियो ।

चार वर्षपछि हाम्रो भेट भयो । त्यो बेलासम्म मैले आफू यौनिक तथा लैङ्गिक अल्पसंख्यक हुँ भन्ने थाहा पाइसकेकी थिएँ । मिल्ने जोडी भेटेको कुरामा हामी विश्वस्त थियौं । त्यसपछि सँगै बस्ने निर्णय भयौं । म उहाँकै घरमा बस्न थालें । हामी दुवै काम गर्थ्यौं । दुवैले काम गरेपछि जीवन चलाउन गाह्रो नहुँदो रहेछ । बच्चाहरूलाई ट्युसन पढाएरै पनि हाम्रो केही समय गुजारा चल्यो । तर, यो कामको दिगोपन नहुने, एकोहोरो काम रमाइलो पनि नहुने भएपछि हामीले नेपालगञ्ज जाने सल्लाह गर्‍यौं ।

यसपछिको हाम्रो मुकाम नेपालगञ्ज बन्यो । मेरो पार्टनर शीला सानोतिनो काममा अल्झिनु भयो । मैले सिलाईकटाईको काम सिक्न थालें । पछि त्यसैलाई पेसामा परिणत गरें । तर, मेरो स्वास्थ्यले साथ दिन छाड्यो । बारम्बार बिरामी हुन थालेपछि मैले काम गर्न सकिनँ । घरमै आराम गर्नुपर्ने भयो । कोठामै पनि कति बस्ने भनेर किराना पसल खोल्यौं । लगत्तै कोरोना महामारीका कारण लकडाउन भयो । त्यो लकडाउनका कारण सामान्य व्यापार पनि हुन छाड्यो । हेर्दाहेर्दै किरानाको व्यापारमा घाटा हुन थाल्यो । लगानी डुब्यो ।



त्यसपछि मैले मितिनी नेपालमा दुई वर्षका लागि "जेष्ठ नागरिक परियोजना"मा फोकल पर्सनको रुपमा काम गर्ने मौका पाएँ । कामकै सिलसिलामा देशका विभिन्न सहरहरू घुम्नु पर्छ । यसले मलाई आफूजस्तै अरु पनि धेरै दिदीबहिनीहरूसँग चिनजान गर्ने मौका पनि मिल्यो ।

अहिले मेरो परिवारमा बहिनीको छोरालाई पनि राखेकी छु । म मेरो पार्टनर शीला र बाबुको सानो परिवार बनेको छ । सानो बाबु हुँदा परिवार उज्यालो भएको महशुस पनि गरिरहेकी छु ।



# सहजता/असहजता

● सुकमाया मगर

जीवनका तीन दशक । वा भनौं ३० वर्ष । यो धेरै लामो समय हो । ३० वर्षमा संसारमा हुने परिवर्तन यति धेरै हुन्छन् कि त्यो कल्पना पनि गर्न सकिदैन । आज हामी सन् २०२५ मा बाँचिरहेका छौं । ३० वर्षअघिको दुनियाँ सम्झना गरौं त । इन्टरनेट भन्ने थाहा मात्रै थियो । मोबाइल कल्पनामै थिएन । सामाजिक सञ्जालहरुको यस्तो पहुँच कल्पना थिएन । यो ३० वर्षमा के के भए के के ।

वास्तवमा ३० वर्ष धेरै लामो समय हो । ३० वर्षमा एउटा व्यक्ति जन्मेर, पढेर, आफ्नो करिअर सुरु गरेर आफू जस्तै अर्को पुस्तालाई उसले जन्म पनि दिइसकेको हुन्छ । साँच्चै भन्ने हो भने यो त एउटा युग हो । नेपालमा २०४६ साल र २०६३ सालमा दुईवटा व्यवस्था नै फेरिए । यो पनि तीस वर्षकै अवधिमा भएको थियो । यसकारण यो तीस वर्ष चानचुन होइन ।

म २० वर्षको हुँदा मैले आफ्नो पार्टनर भेटें । ३० वर्ष सँगै बसे । म ५० कि हुँदा मेरो पार्टनरको निधन भयो । अहिले म ५४ वर्ष पुगें । मैले जो व्यक्तिसँग ३० वर्ष बिताएँ, त्यो व्यक्तिसँगको मेरो भावनात्मक सम्बन्धले कुनै कानुनी मान्यता पाएन । हामी एक अर्काको भएर बस्यौं । घर-परिवार-समाजले थाहा पाएको थियो । परिवारले स्वीकार गरेको थियो । तर, यसलाई कानुनले चिनेन । मेरो र उनको संयुक्त प्रयासले जोडेको धन मन उनको निधनसँगै समाप्त भएर गयो । अहिले मसँग उनका स्मृतिहरु छन् । उनीसँग बिताएका ती

३० वर्षका पन्ना पन्ना याद छन् । उनीसँगका सुखदु:ख सबै मसँग पनि छन् । तर, आज उनी छैनन् । उनको याद मात्रै बाँकी छ ।

भन्नका लागि त मान्छेको जीवन व्यवस्थित गर्न कानुन बनाएको भन्छन् । तर, मान्छेको भावनामाथि खेलवाड पनि त्यही कानुनले गर्दो रहेछ । आँखा देख्नेहरूले, विवेक हुनेहरूले कानुन लेख्छन्, तर लेखिसकेपछि कानुन स्वयंको चाहिँ विवेक बन्द हुँदो रहेछ, आँखामा पट्टी लाग्दो रहेछ ।

१८ वर्षकी हुँदा उनीसँग मेरो चितवनको एउटा कपडा उद्योगमा भेट भएको थियो । म र उनी उद्योगमा सँगै काम गर्थ्यौं । गण्डकी प्रदेशको तनहुँ देवघाटमा मेरो घर थियो । परिवार मध्यम वा निम्न मध्यम वर्गीय थियो । लगभग २० कै हाराहारीमा मैले म सुकुमाया मगर आम महिला जस्तो होइन भन्ने थाहा पाएकी थिएँ । मेरो अनुराग पुरुषप्रति थिएन । महिलाप्रति नै थियो । आफ्नो यौनिकताबारे थाहा पाउँदै गर्दा मनमा उब्जिने ज्वारभाटका ती पुरानो कुरा के लेखौं । किशोरवयमा प्रवेश गर्दैगर्दा मनमा उत्पन्न हुने रंगीन भावनाहरू सबैले महशुस गरेकै हुन्छन् । फरक के मात्रै हो भने त्यो बेलाको भावना भन्ने शैली र तरिका व्यक्ति पिच्छे फरक हुन्छ ।



उनीसँग म नजिकिँदै गएपछि त्यो कुरा मेरो परिवारले सजिलै पचाउन सकेन । २० वर्ष पुगेपछि म र उनले आफ्नै संसार बनायौं । त्यो संसारमा हामी दुई जना मात्रै थियौं । हामीले हाम्रो सम्बन्ध अघि बढाएका थियौं, कसैको भाग खोसेका थिएनौं । तर समाजका मानिसहरूले मेरो पार्टनरलाई होच्याउने, अपमान गर्ने शब्दहरूबाट आक्रमण गर्थे । उनी र मेरो सम्बन्धलाई स्वीकार गरिएन । हामीले अरुको होइन, आफ्नै खुसीलाई महत्व दियौं । अनि सँगै बस्न थाल्यौं ।

सँगै बसेर मात्रै हुने अवस्था थिएन । आर्थिक उपार्जन बिना पनि जीवन चल्ने थिएन । खास सिप पनि नचाहिने, ठूलो पूँजी पनि नचाहिने देखेर किराना पसल चलायौं । पसल देवघाटमा थियो । त्यो पसलले हामीलाई आत्मनिर्भर बनायो । आर्थिक रुपले केही सबल भएपछि हामीले आफ्नो परिवारलाई पनि सहयोग गर्न थाल्यौं । पैसा हुँदा त टाढा भएका मान्छे पनि

नजिक हुँदा रहेछन् जस्तो पनि लाग्यो । पैसाको तागत कति धेरै हुन्छ भन्ने त्यो सन्दर्भले पनि बुझायो । हामी आत्मनिर्भर हुँदै गएपछि हामीविरुद्धको पारिवारिक नीति पनि खुकुलो हुँदै गयो । हामीमाथि आउने दबाब कम पर्न थाल्यो ।

अरु दम्पती झैं हाम्रो जोडीलाई पनि मानिसहरूले सहजै लिन थालेको जस्तो अनुभूति हुन थाल्यो । त्यो भ्रम थियो वा वास्तविकता थियो वा अरु केही थियो, यसबारे मैले धेरै विश्लेषण गरेकी छैन । तर, त्यो बेला हामीले गरेको महशुस त्यही थियो ।

तीन वर्षअघि मेरो पार्टनरको स्वास्थ्य अचानक बिग्रियो । कलेजोमा गम्भीर समस्या देखा पर्‍यो । सुरुवातमा त जन्डिस जस्तो मात्रै देखिन्थ्यो । किनभने जन्डिसमा हुने लक्षणहरु नै थियो । तर त्यो सामान्य जन्डिस होइन रहेछ । त्यो रोगले मेरो पार्टनरलाई सधैका लागि आफैंसँग लिएर गयो । मैले ३० वर्ष साथ दिएकी साथी गुमाएँ । जसका लागि मैले सबै त्यागे, यिनैलाई जन्डिसले लग्यो । मेरो भन्नु त को थियो, तर उनी बाहेक । तर, मेरो यो अवस्थामा विधाताले दया राखेन । मलाई एक्लो पार्दा उसको मन चूँडिएन । उसले मेरो सहयात्रीलाई चूँडेर लग्यो ।

ठिकठाकैको जिन्दगी एकै पटक निरस बन्यो । उज्यालो संसार अँध्यारोमा परिणत भयो । आफू बिल्कुल रित्तिएको महशुस भयो ।

पार्टनर गुमाउनको चोटमा नुनचूक छर्किनेहरुले त्यसपछि टाउको उठाउन थाले । मेरो पार्टनरको नाममा भएको सबै सम्पत्ति उनको परिवारका सदस्यहरुले दावी गर्न थाले । पार्टनरको बैंक खातामा रहेको पैसामा पनि उनीहरुले नै दावी गरे ।



"३० वर्षसम्मको हाम्रो सहयात्रालाई कानुनको एउटा दफाले एकै पटक बगाएर लग्यो । न दावी गर्ने ठाउँ रह्यो, न उजुरवाजुर गर्ने कानुनी उपाय रह्यो । रह्यो त केबल उनीसँग बिताएका ती ३० वर्षका स्मृति मात्रै ।"

म र उनी मिलेर खोलेको संयुक्त खाताको पैसा पनि उनीहरूले छाडेनन् । मैले उनी मेरो जीवन साथी थिइन् भने । तर, यो कुरा कानुनले पत्याएन । बैंकले स्वीकार गरेन । संयुक्त खाता खोल्नेहरूबीचको नाता सम्बन्ध प्रमाणित हुने कागज छैन भन्यो । जसका कारण मलाई एक साथी वा व्यापारिक साझेदार झैं मानियो ।

आँखैले देखेको कुरा पनि कानुनको दृष्टिमा असत्य प्रमाणित हुँदो रहेछ । मेरो हकमा पनि त्यही भयो । हाम्रो सम्बन्ध सबैलाई थाहा थियो । घर परिवार, समाज सबैलाई नै थाहा थियो । तर यो कुरा कानुनअनुसार हुँदैन भनेपछि सबै सकियो । ३० वर्षसम्मको हाम्रो सहयात्रालाई कानुनको एउटा दफाले एकै पटक बगाएर लग्यो । न दावी गर्ने ठाउँ रह्यो, न उजुरवाजुर गर्ने कानुनी उपाय रह्यो । रह्यो त केवल उनीसँग बिताएका ती ३० वर्षका स्मृति मात्रै ।

मेरो पार्टनरको सम्पत्ति, नगद लिएपछि उहाँहरू मसँग टाढिदै जानु भयो । उहाँहरूलाई मेरो त के मतलव हुन्थ्यो ? मतलव सम्पत्तिमा थियो । त्यो हात परेपछि म उहाँहरूका लागि महत्वहीन वस्तु झैं भएँ ।

कदाचित हाम्रो सम्बन्धले कानुनी मान्यता पाएको भए, आज उनको निधनपछि पनि म उनकै भएर बस्न पाउँथे । मेरो पार्टनर र मैले जोडेको सम्पत्ति भनेर रहन सक्थें । तर, हामी जस्ता समलिङ्गी जोडीलाई कानुनले मान्यता दिँदैन । बाँचूञ्जेल कमाएको सम्पत्ति पनि ठिक ढंगाले कानुनी प्रबन्ध गरेर राख्न नसक्ने हो भने त्यो अरु नै कसैको हुन सक्छ भन्ने मेरो कहानीले देखायो । मेरा कथा पढ्नेहरूले यस्ता कुरामा ख्याल राख्छन् भन्ने मैले आशा पनि लिएकी छु । उनको निधन भएपछि एक्लैले किराना पसल चलाउन पनि सकिनँ । आर्थिक समस्यामा पर्दै गएँ । किनभने आम्दानीको बाटो बन्द भएपछि जीवन जर्जर हुनु स्वभाविक हो । एकातिर आर्थिक समस्या, अर्कोतिर मेरो स्वास्थ्यमा पनि जटिलता थपिन थाले । यो बेला मैले सहाराको रुपमा मितिनी नेपाललाई भेटाएकी छु ।

मितिनी नेपालले "जेष्ठ नागरिक परियोजना" सञ्चालन गरिरहेको छ । यो कार्यक्रममा म पनि सहभागी भएकी छु । सुरुमा मलाई यस्ता सामाजिक संस्थाहरूले आयोजना गरेका कार्यक्रममा जान पनि असहज लाग्थ्यो । अहिले क्रमशः सबै सहज हुँदै गएको छ ।

सोच्छु, जीवन भनेको नै सहजता र असहजताको संगम रहेछ । के कुरालाई सहज भन्ने, के कुरालाई असहज मान्ने भन्ने पनि छनोटको विषय रहेछ ।

# साथीको छुटेको चप्पल

● अमृता



मेरो जीवनको कथा कुनै कथाकारले लेखेको कथाभन्दा फरक छैन । मैले आफ्नो सत्यकथा भनौं भन्दा मानिसहरूलाई पत्यार लाग्दैन । नभनौं भन्दा साँचो कुरा भन्नै पर्छ जस्तो लाग्छ ।

आफ्नो गाउँ घरको आफूभन्दा एक वर्ष कान्छो केटोसँग ढुंगाको गट्टा खेल्दा हामीले भागेर बिहे गरिसक्यौं भनेर गाउँलेहरूले हल्ला फैल्याइ दिए । त्यो बेला म १४ वर्षकी अमृता । मैले जोसँग गट्टा खेलेकी थिएँ, उनको उमेर १३ वर्ष ।

यो उमेरमा हामीले भागेर बिहे गर्ने आँट गर्थ्यौं होला त ?

मेरो जन्म झापामा भएको भए पनि इलामको एउटा सुन्दर गाउँमा म हुर्किएँ । घरमा म सबैकी प्यारी थिएँ । परिवारको आर्थिक अवस्था मध्यमस्तरको थियो । गाउँका धेरैको भन्दा अवस्था मेरो परिवारको राम्रो थियो । मेरा इच्छा र रहरहरू आमा बुबाले पूरा गर्दै आउनु भएको थियो । बालापनमा आफ्ना चानचुन रहर पूरा हुनु पनि गौरव र भाग्यकै कुरा हो । किनभने हाम्रो देशमा अक्सर मानिसहरूको बाल्यकाल दु:ख र संघर्षमै बित्छ ।

"म त धनी बाउकी छोरी हुँ" भन्दै हिँड्थे । कलिलो मस्तिष्कले जे अह्रायो, त्यही भन्दै हिँड्नु खास अनौठो पनि होइन । बाल्यकाल मेरो सुखद थियो । अभाव र दु:ख भोग्नु परेको थिएन । तर जीवन यस्तो होइन रहेछ । सुख र दु:ख त जीवनका अनिवार्य पक्षहरू रहेछन् । कहिले दु:ख कहिले सुख । यो घुमिरहने

चक्र जस्तो रहेछ । सबै ठिकठाकै हुँदा हुँदै पनि मेरो बाल्यकालमा एउटा अकल्पनीय घटना भयो । त्यो घटनाले मेरो जीवनको मोड बदलिदियो ।

साथीहरुसँग खेलेर घर फर्किंदै थिएँ । साथमा मेरी एक बाल सखा पनि थिइन् । उनी पनि मसँगै मेरो घर आएकी थिइन् । घर आउने बित्तिकै उनले "मेरो चप्पल साथी कहाँ छुटेछ, लिन जाम न" भनिन् । भर्खरै त घर आइपुगेको, फेरि फर्किनु र ? मनमा यस्तै आयो । आमालाई सोधे, "आमा उनको चप्पल छुटेछ, लिन उनीसँगै साथी जान्छु ल ?" आमाले मेरो मुखमा हेर्दै नहेरी "ल ल जा, चाँडै आउनू" भन्नु भयो ।

अनि हामी दुवै चप्पल लिन घरबाट निस्कियौं । घरबाट निस्कँदै साँझ पर्न लागेको थियो । अलि पर पुगेपछि मेरी साथीले चप्पल छुट्यो भनेर बहाना मात्रै बनाएकी रहिछन् भन्ने मैले थाहा पाएँ ।

उनी डाँडाको स्कुलमा केटा साथी भेट्न मलाई लिएर आएकी रहिछन् । उनलाई केटा साथी भेट्नु रहेछ, उनलाई साथी चाहिएको रहेछ । मलाई चप्पलको बहाना देखाएर उनले मलाई पनि त्यहाँ लगेको प्रष्ट भयो ।

उसको केटा साथी पनि एक जना साथी नै लिएर आएका थिए । उनीहरूको प्रेमिल जोडी एक भएपछि म र उनको साथी मात्रै त्यहाँ भयौं । मेरी साथीका प्रेमीले "तिमीहरु यहाँ बस्दै गर है" भनेर उनीहरु त्यहाँबाट हामीले आँखाले नदेख्ने तिर लागे । कहाँ गए, कति पर पुगे, त्यो हामीले थाहा पाएनौं ।

साथीका प्रेमीले छाडेका उनका साथी र म मात्रै डाँडा स्कुलमा भयौं । साँझ छिप्पिदै थियो । त्यसै घर फर्किउँ भने उनी आउलिन् । एक्लै पर्लिन् । बसौं अँध्यारो झन् झन् कालो हुँदैछ । मनमा बेचैनी भयो । छटपटि हुन थाल्यो । तर मन त फेरि बालबालिकाकै थियो । उनका साथी १३ वर्षका म १४ वर्षकी । ढुंगाको गट्टी खेलेर केही समय बस्यौं, उनीहरू फर्किने कुनै छेक छन्द थिएन ।

आमाले कराउनु हुन्छ भन्ने मनमा लाग्यो । अब पनि नगए त मेरो खैरियत छैन भन्ने पनि लाग्यो । अनि मनमा सोचें, "त्यसले मलाई झुक्याएर ल्याएकी त हो नी । म चाहिँ जान्छु ।" फेरि म गएपछि त मसँग गट्टी खेल्ने यो साथी पनि एक्लै हुन्छ । यो अध्याँरो रातमा यो एक्लै कसरी बस्ला त ? त्यो १३ वर्षको केटोप्रति अलिकति दया पलायो ।

बेलुकाको ८ पार भयो । नौ बज्नै लाग्यो । तर उनीहरू फर्किएनन् । उनीहरूलाई खोज्न पो जाने हो कि ? जान त जाने तर जाने चाहिँ कहाँ ? न भनेर गएका छन् ? न उनीहरूले भेट्ने ठाउँ हामीलाई थाहा छ ।

मोबाइल बोकेकी थिएँ । स्कुलको त्यो शान्त डाँडामा मेरो मोबाइलको घण्टीले अर्को सन्नाटा ल्यायो । आमाले फोन गर्नु भएको रहेछ । डरले काम्दै फोन उठाएँ । आमाले "कहाँ छेस्, यति बेलासम्म किन नआएकी ?" भन्नु होला भनेको त, एक सासमा भए जति सबै गाली गर्नु भयो । आमाले के के भन्नु भयो, आधाउधि त बुझिनँ । मैले म घर आइहाल्छु ममी, यहाँ साथी हराई भनें ।

उताबाट आमाले "अब घर आइरहनु पर्दैन, जोसँग हिँडेकी होस्, त्यसैको घर जानू" भन्नु भयो ।

बेलुका म दुई तीन घण्टा गट्टा मात्रै खेलेर बसेको केटोसँगै मैले भागेर बिहे गरेँ भनेर हल्ला फैलिएको रहेछ । न सोचेको, न कल्पना गरेको हल्लाले मेरो घरमा भूकम्प गइसकेछ । छाँगाबाट खसे झैं भए । १३ वर्षको केटोको हालत पनि योभन्दा राम्रो चाहिँ भएन ।

आमाले रिसाएर फोन काट्नु भयो । यता मेरो मन टुक्राटुक्रा भयो ।

अब घर फर्कौं आमाको डर । नफर्कौं जाने, कुनै ठाउँ छैन । घरै गए पनि मुख कालो गरेर फर्केकी भन्ने । गाउँ समाजमा बद्नामी पनि हुने । अनि म त त्यही १३ वर्षको केटाकै घर गएँ । यस्तो किन गरेँ ? कसो गरेँ ? ठिक गरेँ कि बेठिक मलाई थाहा भएन । तर, यस्तै भयो ।

जसरी मेरो घरमा म भागेको हल्ला फैलिएको थियो, उसको घरमा पनि छोराले "मुनालाई भगायो रे" भन्ने हल्ला फैलिएको थियो ।

हामी दुवै उसको घर पुगेपछि मलाई सामाजिक संस्कारअनुसार बिहे गराइयो । उसको घरमा भित्र्याइयो । यो विवाह न मेरो इच्छाअनुसारको थियो, न उसको । तर, हामी पति पत्नी भयौं ।



१७ वर्षकी हुँदा छोरीको जन्म भयो । तीन वर्षको वैवाहिक जीवन औपचारिक सरह भयो । भावनात्मक रुपमा हामी एक हुन सकिरहेका थिएनौं । मलाई उनीप्रति त्यति धेरै अनुराग उत्पन्न भएन । उनी पनि मसँग धेरै खुसी रहन सकेनन् ।

छोरी मिङ्साको जन्मपछि सम्बन्धमा झन समस्या आउन थाल्यो । हामीबीच मौखिक झगडाले हिंसाको रुपम लिँदै गयो । ममाथि कुटपिट नै हुन थालेपछि त्यो घर छाडेर म माइती आएँ ।

आफैं विवाह गरेर गएकी छोरी, घर गर्न नसकेर फर्केकी भन्ने उपमा छँदै थियो । माइतीमा पनि सँधै राम्रो हुने कुरा थिएन । केही समयपछि माइतीमा पनि बस्न सहज भएन ।

यसपछि जीवनले अर्को मोड लियो । म इलामबाट भागेर काठमाडौं आइपुगे । स्वतन्त्र भएर बाँच्छु भन्ने मनमा पलायो । आफ्नो स्वतन्त्रता त खोजें, तर छोरीको यादले सताउन थाल्यो । एक आमाका लागि आफ्नो सन्तानभन्दा ठूलो केही हुने होइन रहेछ भन्ने मलाई तब मात्रै लाग्यो, जब म छोरीसँग टाढा भएँ । जसरी मलाई मेरी छोरीको यस्तो माया लाग्छ भने मेरी आमालाई पनि त मेरो यत्तिकै लाग्छ होला ? हो, माया त लाग्छ । सबै कुरामा शंका गर्न सकिन्छ, तर आमाको मायामा शंका गर्न सकिन्न ।

मेरी आमा हुनुहुन्छ, त म एक्लै छु । मेरी छोरी छिन् तर म एक्लै छु । न म आमाको माया पाइरहेकी छु, न मैले छोरीलाई माया गर्न पाइरहेकी छु । जीवनको यो अक्करे भीरमा म अल्झिएँ । मनमा अनेक कुरा खेल्न थाले । पीडाले मन पोल्न थाल्यो । सबै भएर पनि म रित्तो भएको अनुभूति गर्न थालें । आमाबाबुको घर थियो । घटनाक्रमले त्यसलाई माइतीघर बनायो । अनि आफ्नै भन्ने पनि घर थियो, त्यो पनि आफ्नो हुन सकेन । आमा छिन्, आमाको माया छैन । छोरी छिन्, छोरी साथमा छैनन् । धनी बाबुकी छोरी भनेर म चकचक गर्दै हिँड्ने सानी केटी, आज काठमाडौं खाल्डामा फसें । यो तनावले मेरो मानसिक स्वास्थ्य बिग्रिन थाल्यो । मर्न भन्दा बाँच्न गाह्रो ठान्न थालें । एकै पटक २६ वटा औषधिको गोली खाएँ । तर, भाग्यमा जीवन लेखिएको छ भने जीवन नै हुने रहेछ । मृत्यु लेखिएको छ भने कसैले टारेर टर्दैन रहेछ । मेरो उपचार भयो । विस्तारै मनका खराब भावना हराउँदै जान थाले । म परिवारसँग सम्पर्कमा बस्न थालें । जीवन जिउने रहर पलाउँदै गए । म मुना, मेरो जीवनको मुना फेरि टुसाउन थाल्यो ।

केही समयपछि मेरो छोरीका बाबा पनि विदेश गए भन्ने सुनें । हाम्रो बोलचाल त हुँदैन, तर यदि उनी आफ्नो सन्तानलाई माया गर्छन् भने मेरी छोरीले बाबुको पनि माया पाउने छिन् ।

मेरो जीवनमा रङ थप्ने केटा होइन, केटी चाहिन्छ भन्ने घटनाक्रमहरूबाट थाहा भइसकेको थियो । मैले आफूले चाहे जस्तो, मेरो मनले खोजे जस्तो एउटा साथिलाई भेटैं । विस्तारै बोलचाल सुरु भयो । भावनाहरू साटासाट हुन थाल्यो । हामी भावनात्मक रुपले नजिक हुँदै गयौं । यो निकटताले हामीलाई जीवन साथीको अवस्थामा पुर्‍यायो । अहिले हाम्रो सम्बन्ध रहेको पनि तीन वर्ष पुग्यो । मेरा हरेक सुखदुःखमा उहाँले साथ दिनु भएको छ । मैले खोजेको माया उहाँबाट पाएकी छु । तर, मेरो अबको जीवन साथी उहाँ हो भनेर घरमा भन्न सकेकी छैन । नानीको बाबासँग औपचारिक रुपमै सम्बन्ध विच्छेद गरिसकेपछि म आफ्नो स्वतन्त्र जीवन जिउन सक्ने भएकी छु । यहि स्वतन्त्रता प्रयोग गरेर मैले मेरो उहाँलाई छानें । नानी पनि अब आठ वर्षकी भइन् । नानी उसको बाबाकै घरमा बस्छिन् । उनको स्कुल छुट्टी हुँदा आफूसँग ल्याएर राख्छु । स्कुल लाग्ने बेला पुर्‍याइ दिन्छु ।

जीवन चलाउने प्रेमले मात्रै हुने होइन रहेछ । उहाँ मेरो मनले चाएको मन पराएको मान्छे वैदेशिक रोजगारीमा जाने तयारीमा हुनुहुन्छ । वैदेशिक रोजगारीले धेरैको परिवारमा खुसी पनि ल्याएको छ, विग्रह पनि ल्याएको छ । हाम्रो अग्नी परीक्षा मेरो उहाँको विदेश बसाईका क्रममा हुनेछ । भौगोलिक रुपमा टाढा भए पनि भावनात्मक रुपमा नजिक भएर बाँकी जीवन साथसाथै बिताउने हाम्रो प्रण छ ।



# बिछोड-मिलन



मनिमा
(नाम परिवर्तन)

म तीन वर्षकी मात्रै थिएँ । मेरो बुवाले आमाको साथ छोडिदिनु भयो । आमाको साथ छोड्नुको अर्थ मेरो पनि हात छाडिदिनु भयो । आमाको एउटा औंला, बाबाको अर्को औंला समाएर आमा र बाबाको बीचमा हिँड्ने बेलामा मलाई बाबाको औंला समाएर हिँड्ने भाग्यमा रहेन । परिवार आर्थिक रुपले गरिब होस् वा धनी । आमा र बाबाको मन मिलेको छ, दुवैले परिवार चलाउन मेहनत गर्छन् भने त्यो घर स्वर्ग हुन्छ । तर, बाबाले दोस्रो विवाह गरेपछि आमा एक्लो हुनु भयो । म, आमा र दिदी एक्लियौं ।

तीन वर्षको उमेरमै बाबाले आमा छाड्नु भएको कुरा त्यो बेला त गढेन । तर बिस्तारै बुझ्ने भएपछि अहिले बुझ्छु, बास्तवमा बुबाको त्यो निर्णयले हामीमाथि ठूलो घात भएको रहेछ । सिन्धुपाल्चोकमा हाम्रो घर थियो । मेरो जन्म पनि त्यही भएको हो । बाबाले दोस्रो विवाह गरेपछि आमाले हामीलाई बन्दीपुर लैजानु भयो, त्यहाँ मेरो मावली घर थियो, अर्थात आमाको माइतीघर ।

मामाघरमै बसेर पढ्न थालें । आमाले चितवनमा रहेको सिएमसी मेडिकल कलेजमा काम पाउनु भयो । बिस्तारै आमाले मलाई पनि चितवनमै लिएर आउनु भयो । सिन्धुपाल्चोकबाट बन्दीपुर, बन्दीपुरबाट चितवन सर्ने क्रममा मेरो पढ्ने विद्यालयहरू पनि फेरिए । साथीहरू फेरिए । नयाँ स्कुलमा जाँदा सुरुमा आफू

एक्लो जस्तो महशुस हुन्छ । चिनेको कसैलाई हुँदैन । साथी नबन्दासम्म बालबालिकामा एक प्रकारको मानसिक तनाव पनि हुन्छ ।

नयाँ स्कुलका नयाँ साथीहरूसँग सुरुमै बोल्न सकिदैन । विस्तारै विस्तारै साथीहरू बन्दैछन् । अनि स्कुल रमाइलो लाग्दै जान्छ । साथीहरूसँग घुलमिल हुने कुरा कतिलाई सहज हुन्छ, कतिलाई अलि गाह्रो हुन्छ । मेरो हकमा त अलि बढी नै गाह्रो थियो ।

सामान्यत: केटीहरू केटाहरूसँग बोल्न अप्ठेरो मान्छन् । अनि केटाहरू केटीहरूसँग बोल्न अप्ठेरो मान्छन् । तर, मलाई त केटा र केटी दुवैसँग अप्ठेरो लाग्थ्यो । म केटी भएकोले केटीसँग कुराकानी गर्न सहज हुनु पर्ने थियो । तर, त्यस्तो भएन । मलाई वास्तवमा केटीहरूसँग कुरा गर्न पनि समस्या नै हुन्थ्यो ।

"मोनिका" भनेर केटीले नै बोलाउँदा पनि मलाई केही अनौठो नै लाग्थ्यो । अरु साथीहरूले जसरी मसँग सहजै कुरा गर्थे, म उनीहरूसँग त्यसरी कुराकानी गर्न सक्दिन थिएँ । धेरैले मोनिका रोक्का कसैसँग पनि बोल्दिनँ भनेर कुरा पनि गर्थे ।

चितवनमा यसै गरी दिनहरू बितिरहेका थिए । कुनै कारणले आमाले चितवनको मेडिकल कलेजमा गरिरहेको काम छाडेर मामाघर बन्दीपुर नै जाने भन्नु भयो । त्यसपछि फेरि आमासँगै बन्दीपुर फर्किएँ ।

एक ठाउँबाट अर्को ठाउँ जाने, फर्किने क्रम चलिरह्यो । आखिर घर भन्नु त परिवार रहेछ । बाबाले दोस्रो विवाह गरेपछि हाम्रो परिवार छिन्नभिन्न भयो । आमाले हाम्रो लागि गरेको संघर्ष सम्झिँदा दु:ख पनि लाग्छ । गौरव पनि लाग्छ । किनभने आमासँग बाबा पनि सँगै हुनु भएको भए, उहाँहरूले संगसँगै संघर्ष गरेको भए सायद आमाका लागि जीवन सहज हुने थियो । तर जे भाग्यमा लेखिएको छ, त्यसलाई बदल्न कसरी सकिन्छ र ?

परिवारको कुरा त यस्तै नै भयो । तर, मेरो निजी भावनाहरू मसँगै विद्रोह गरेर हिँड्न थाले । मेरो नियन्त्रणमा, मेरो चाहनाअनुसार भावहरू आउन छाडे । सामान्य हिसाबले अब जे हुनुपर्छ भन्ने ठान्थेँ, मनका भावनाहरू अनियन्त्रित भएर अर्कै दिशातिर विचरण गर्न जान थाले । म केटी भएर केटीहरूसँगै कुराकानी गर्न सहज अझै हुन थालेको थिएन ।

हातमा मोबाइल परेपछि त्यहाँ त, दुनियाँ भरका अनेक कुराहरू हुँदा रहेछन् ।

आफूले थाहा नभएका अनगिन्ती जानकारी, ज्ञान, सूचना, विकृतिसमेतको भण्डार त मोबाइल रहेछ ।

मोबाइलमा विभिन्न सामाग्री देखा पर्थे । हेर्थे, छक्क पर्थे ।

म केटी भएर केटीहरूसँगै बोल्न गाह्रो मान्छु भनेपछि यहाँ केही न केही त विशेष छ भन्ने महशुस गर्दै गएँ । म केटी प्रति आकर्षित छु कि छैन भन्ने कुराको एकिन त थिएन, तर केटासँग चाहिँ आकर्षित छैन भन्ने एकिन थियो ।



मोबाइल हात परेपछि फेसबुक, टिकटक आदि सामाजिक सञ्जालमा मैले पनि आफ्नो अकाउन्ट खोलें । मेरो पनि फोटो सामाजिक सञ्जालमा टाँसियो । तिनै सामाजिक सञ्जालमा मैले पहिलो पटक एलजीबीटी कम्युनिटीको एउटा पेज भेटैं ।

त्यो पेज हेर्दै जाँदा दूनियाँमा समलिङ्गी महिला पनि हुन्छन् भन्ने थाहा पाएँ । उनीहरूको भावना र रुची आम महिलाको जस्तो हुँदैन भन्ने पनि थाहा पाएँ । भए भरका कुरा आम महिला र समलिङ्गी महिलामा एउटै हो । मात्रै फरक के रहेछ भने यस्ता महिलाहरू केटाहरू प्रति आशक्त हुँदैनन् । आकर्षित पनि हुँदैनन् । उनीहरूको यौन भावना केटीहरूसँगै मेल खान्छ ।

यो हिसाबले मेरो यौनिकता मैले बुझें । मैले त बुझें ठिकै छ । तर आमालाई कसरी बुझाउने ? टिकटकतिर "सेम सेक्स म्यारिज" बारे खोजें । अनि मामु (आमा)लाई पनि देखाएँ । "मामु हेर्नु त, केटी केटीले पनि बिहे गर्दारैछन् ।" मामुले भन्नु भयो, "यस्तो पनि हुन्छ, के के नचाहिँदो कुरा तैले भेट्छेस् ?"

आमाको यो प्रतिक्रियाले आमाले समलैङ्गिकतालाई "नचाहिँदो" भनेर ठहर गरिदिनु भयो । आमालाई यी कुराहरूमा पत्यार लाग्दैन, मन पनि पर्दैन भन्ने बुझें । यसले मेरो आत्मविश्वासलाई धक्का थियो । मैले यस्ता कुराहरू देखाएर, आमालाई बुझाएर आफ्नो पनि यौनिकताबारे भन्न सकूँला भन्ने ठानेकी थिएँ । तर आमाको प्रतिक्रियाले मेरो योजनामा चिसो पानी खन्याइदियो ।

आमासँग मैले मेरो कुरा भन्न नसक्ने हुँदै गएँ । आमालाई ठिक्क पार्न मात्रै भए पनि मैले "म त केटासँग विहे गर्ने हो" भन्थेँ ।

फेसबुकमा एक दिन मेरो एक जना "ट्रान्सम्यान"सँग साथी बनेँ । उनी केटीबाट केटा बनेका व्यक्ति थिए । उहाँसँग मित्रता हुँदै थियो । परिवारको आर्थिक दुरावस्थाले मलाई मानिसक समस्या उत्पन्न भयो । म त्यही मानसिक समस्यासँग जुधिरहेकी थिएँ ।

फेसबुकको म्यासेन्जरमा हाम्रो कुरा हुन्थ्यो । हाम्रो भावना र यौनिकता समान भए पनि म खुलेर कुरा गर्न सकिरहेकी थिइनँ । तर उहाँले मेरोबारेमा जान्ने इच्छा गरिरहनु भएको थियो ।

पछि मनको तार नजिकियो । हामी एक अर्कामा कनेक्ट हुँदै गयौं । कुराकानीहरू बढी हुन थाले । अनि हामी पक्का साथी बन्यौं । हाम्रो भावना मिलेकै कारण मित्रता प्रेममा परिणत भयो । एक अर्कालाई माया गर्ने र साथसाथमा रमाउन थाल्यौं ।



केही महिनापछि उहाँले मेरो आमासँग भेट्छु भन्नु भयो । मैले हुन्न कसरी भन्ने ? तर आमाले मेरो साथीलाई कसरी बुझ्नु हुन्छ ? भन्ने बेचैनी थियो । म उहाँसँग कुराकानी गर्छु भन्ने त आमालाई थाहा थियो । तर उहाँ एक ट्रान्सम्यान हो भन्ने थाहा थिएन । आमाले केटा नै हो भन्ने ठान्नु भएको थियो । उहाँ आउने दिन मैले आमाले जानकारी दिएकी थिएँ । पछि उहाँ ट्रान्सम्यान हो भन्ने पनि बताएँ । उहाँ घरमा आउनु भयो । आमासँग पनि कुराकानी गर्नु भयो । सबै कुरा सामान्य ढंगले भए । कुराकानी भयो । त्यस्तो अनौठो, अस्वभाविक केही भएन ।

त्यसपछि घरमा अरुसँग पनि उहाँको परिचय भयो । कुराकानी हुन थाल्यो । आमाले उहाँलाई स्वभाविक रुपले नै लिन थाल्नु भएको छ । पारिवारिक सहयोग कै कारणले हाम्रो सम्बन्ध अहिलेसम्मका लागि सुखद छ ।

# जो भाग्यमा कोरिएका...



● ऋचा (नाम परिवर्तन)

आजकल विकास क्षेत्र छैनन् । प्रदेश छन् । अञ्चल छैनन्, जिल्ला मात्रै छन् । धेरै गाउँहरु गाउँपालिका, नगरपालिकामा परिणत भएका छन् । उबेलाको सुदूरपश्चिमाञ्चल, महाकाली अञ्चल, कञ्चनपुर जिल्लाको पुनर्वासमा म जन्मिएकी थिएँ ।

पहिलो सन्तानको रूपमा जन्मेकी म घर परिवारको मायामा हुर्केकी थिएँ । बाल्यकाल देखि युवा अवस्थासम्म आईपुग्दा म आफ्नो परिवारसँग नै बसेँ र आफ्नो शिक्षालाई निरन्तर दिई रहेकी थिएँ ।

स्कूल पढ्ने क्रममा मेरो कक्षाकै एकजना केटी साथी मन पर्न थाल्यो । मलाई केटा प्रति कुनै आकर्षण थिएन । कुनै आकर्षक युवकले मेरो ध्यान तान्न सक्दैन थियो । उनी र म एउटै कक्षामा पढ्ने र घर पनि नजिकनजिकै थियो ।

म उनीप्रति आकर्षित थिएँ । तर भावना उनको पनि मेरो जस्तै छ कि छैन एकिन थिएन । संयोग कस्तो भने मैले जसलाई मन पराउँथे, उनी पनि कुनै केटीसँगै प्रेममा रहिछन् । एक प्रकारले भन्ने हो भने यहाँ त्रिकोणात्मक प्रेम कहानीको जन्म भयो । मैले उनलाई मन पराउने, उनी अरु नै कसैसँग प्रेम सम्बन्धमा रहिसकेकी थिइन् ।

मैले आफ्नो भावनाअनुरुपकै केटी भेटेकी थिएँ । तर भाग्यले यसरी छल गर्‍यो कि उनी भएर पनि म उनीसँग हुन नसक्ने स्थिति पैदा हुँदै गयो ।

उनलाई आफ्नो भावना भन्छु भन्दाभन्दै उनी मबाट टाढा हुँदै गइन् । आफ्नो मनका कुरा मनमै राखेँ । न भन्न सकेँ, न बिर्सिन सकेँ ।

भाग्यमा यस्तै लेखेको रहेछ भनेर मन बुझाउँदै गएकी थिएँ । विद्यालयस्तरीय खेलकुदका क्रममा हामी फेरि नजिक भयौं । त्यो बेला कथाले अर्को मोड लिइसकेको रहेछ । उनको केटी साथीको विवाह कुनै पुरुषसँग भइसकेछ ।

आफ्नो पार्टनरको विवाह अरु नै कसैसँग भएको घटनाले उनी मानसिक रुपमा निकै विक्षिप्त भएकी रहिछन् । उनलाई गुमाउनुको पीडा आलै रहेछ । जति बिर्सिन खोज्दा पनि बिर्सिन गाह्रो परिरहेको रहेछ ।

एक प्रकारले भन्ने हो भने उनको पार्टनरको विवाह हुनु उनको लागि पीडाको कुरा थियो । तर, उनीसँग मेरो नयाँ सम्बन्ध गाँसिने त्यो एउटा आवश्यक घटना बन्न पुग्यो । मान्छे स्वार्थी बन्नु हुँदैन, थाहा छ । मैले उनको जोडी टुटोस्, यो कहिले पनि कामना गरिनँ । परिस्थितिले यस्तो मोड लियो कि अब उनीसँग म नजिक हुन थालेँ ।

उनी मानसिक रुपले कमजोर भएको बेला उनको साथ मैले दिएँ । उनको केयर मैले नै गरेँ । एउटा सम्बन्ध समाप्त हुँदैमा, जीवन सकिने होइन भनेर सम्झाएँ, बुझाएँ । मैले मेरो तागतले भ्याएसम्म सबै गरेँ । उनको मनमा लागेको चोट निको हुन समय लाग्यो । आलो घाउमा खाटो बस्न केही समय लाग्छ नै । आफूले चाहँदैमा तत्काल निको हुँदैन । निको नहोस् भन्दा पनि त्यो विस्तारै हराउँदै जान्छ । सबै कुरा सधैं समान ढंगले सम्झिरहन कहाँ सकिन्छ र ? यस्तो हुन्थ्यो भने जीवनको एउटा खुसी सम्झेर मान्छे सधैं रमाइरहन्थ्यो । एउटा दुःख सम्झेर सधैं दुःखी भइरहन्थ्यो । चाहे सुख होस्, वा दुःख, मान्छेले बिर्सदै जान्छ ।

उहाँको र मेरो घर नजिकै भएकोले म उहाँलाई भेट्न गइरहन्थे । तर मेरोमा उहाँलाई ल्याउन सक्दिनँ थिएँ । मेरी आमा अति नै कडा मिजासकी हुनु भएकोले उहाँ पनि मेरो घर आउन डर मान्नु हुन्थ्यो ।

म उहाँको घर गएको बेला मेरी आमाले मलाई कुटेर घर ल्याउनु भएका घटना पनि छन् । यस्ता घटनाले उहाँको मनमा डर बसेको थियो । डर त मलाई पनि हुन्थ्यो । तर म त्यही आमाकी छोरी न थिएँ, म डराउँथे पनि, आफ्नो सूर पनि छाड्दिनँ थिएँ ।

केही पछि उहाँको घरको समस्याले कैलालीको धनगढी सहर जाने हुनु भयो । म घरै थिएँ । उहाँ धनगढी पुग्नु भयो ।

समय बित्दै गयो । एक दिन धनगढीबाट उहाँ घर फर्किनु भएछ । उहाँ आउँदा

आफूसँग एक जना केटी साथीसँगै लिएर आउनु भएछ । धनगढी गएपछि उहाँले बस्ने ठाउँ मात्रै होइन, रमाउने साथी पनि फेर्नु भएको मैले बुझेँ । पटक पटक दुःख झेल्न बाध्य भएको मन फेरि एक पटक छियाछिया भयो ।

सम्झनाले धेरै सताउँदा, उहाँलाई फोन गर्दा उहाँको पार्टनरले उठाउने गर्नु हुन्थ्यो । मेरो फोनका कारण उहाँहरूको झैँझगडा पर्दो रहेछ । यो थाहा पाएपछि मैले फोन गर्न पनि कम गरेँ ।

१-२ वर्षको अन्तरालपछि उहाँहरूको सम्बन्ध टिक्न सकेन । उहाँको पार्टनरले पुरुषसँग विवाह गर्नुभएछ ।

उहाँसँग मेरो सम्बन्ध टाढा हुनु, उहाँ अरुसँगै बस्न थाल्नु आदि कारणले मेरो मानसिक स्वास्थ्यमा पनि समस्या भयो । धनगढीमा मेरो दिदीको घर छ । म त्यहीँ गएँ र मैले सिलाई कटाईको तालिम लिएँ ।

उहाँको पार्टनरले पुरुषसँग विवाह गरेपछि एक्लो हुनु भएछ । उहाँ पनि धनगढीमै आएर बस्न थाल्नु भएको रहेछ । एउटै सहरमा भएका कारण हाम्रो फेरि भेट भयो । कुराकानी भयो । सल्लाहमै हामीसँगै बस्न थाल्यौं ।

२०६७ सालमा म नेपाल प्रहरीमा जागिरे भएँ । अहिले हामी काठमाडौंको सामाखुसीमा डेरा लिएर बसेका छौं । उहाँ पनि एउटा गैरसरकारी संस्थामा काम गर्नुहुन्छ । अहिले हामीसँगै बसेको १८ वर्ष भयो । यो अवधि चानचुन होइन । सम्झिल्याउँदा अपत्यारिलो जस्तो लाग्थ्यो । असम्भव जस्तो लाग्थ्यो । तर उहाँको भाग्यमा म र मेरो भाग्यमा उहाँ लेखिएको रहेछ । आज म र उहाँको जोडी यति लामो समय टिकेको देखेर हाम्रो समुदायका साथीहरु खुसी प्रकट गर्नुहुन्छ ।





# धनी विधाता: गरिब म

● सिवानी (नाम परिवर्तन)

म शिवानी । शिवानीको अर्थ दुर्गा हुन्छ । शिवको शक्तिको स्रोत । देवताहरुको शक्तिको स्रोत । मेरो जीवनमा शक्ति होइन, दु:ख र चोट सिवाय अरु प्राप्त भएन । बाल्यकालमा आमा गुमाएँ । उमेरमा पति गुमाएँ । त्यसपछि जीवनसाथी गुमाएँ । जातीय विभेद खेपेँ । साम्प्रदायिक विभेद भोगेँ । भोगनलाई अब के बाँकी रहला ? विधाताले ममाथि अझै कति दु:ख दिन चाहेका हुन् थाहा छैन । ती विधाताको मनमा दया छ भने अलिकति दया राखेर दु:ख दिए हुन्थ्यो । मलाई दु:ख मात्रै दिई रहने विधाताको मनमा दया रित्तो भइसकेको जस्तो लाग्छ । दया बिनाका विधाता कहाँ छन् ? त्यो मलाई थाहा छैन । यदि छन् भने म एकिनका साथ भन्न सक्छु, ती विधाताको भागमा मेरो भागको दया छैन ।

मेरो जन्म भएपछि मेरो बुबा र आमाबीचको सम्बन्धमा दरार आउन थालेको रहेछ । शायद बुबाले छोराको जन्म होस् भन्ने ठान्नु भएको थियो होला । ती विधाताले छोरीको रुपमा मलाई जन्म दिए । छोरी जन्मेकै कारण बुबाले आमाको साथ छोड्नु भयो । साथ छोड्नु पनि के भनौं, आमाको मृत्युलाई बोलाउनु भयो ।

सम्बन्ध बिच्छेदले आमाको मन तितरवितर भयो । छियाछिया नै भएछ । उहाँले आफूलाई सम्हाल्न सक्नु भएन । मानसिकको रोगले उहाँलाई गाँज्यो । त्यसैले मेरी आमालाई लग्यो । रोगले लग्यो भनौं कि तिनै विधाताले यो कुरा मञ्जुर गरे । सात वर्षकी थिएँ म, आमाको स्वर्गारोहण हुँदा । आमाको देहान्तपछि म पक्कापक्की एक्लिएँ । बालक छोरी एक्ली भई भन्ने बोध बुबामा भएन । उहाँलाई मेरो मतलव भएन । अनि मलाई मेरी आमाको घर अथवा

भनौं मावलमा लैजानु भयो । बालबालिकाका लागि मामाघर कति प्रिय हुन्छ थाहा छ नी ? कहिलेकाहिँ जाने भाञ्जाभाञ्जी मावली घरमा झोलीका देउता हुन्छन् । मावलीमै बस्ने भाञ्जाभाञ्जी झोलीका देउता हुन्छन् भनौं कि हुँदैनन् भनौं ।

> मेरो जीवनमा शक्ति होइन, दुःख र चोट सिवाय अरु प्राप्त भएन । बाल्यकालमा आमा गुमाएँ । उमेरमा पति गुमाएँ । त्यसपछि जीवनसाथी गुमाएँ । जातीय विभेद खेपेँ । साम्प्रदायिक विभेद भोगेँ । भोगनलाई अब के बाँकी रहला ? विधाताले ममाथि अझै कति दुःख दिन चाहेका हुन् थाहा छैन ।

मलाई मावलकी हजुरआमाले हुर्काउनु भयो । छोरीको निधनपछि मेरी हजुरआमाको मन कति रोयो होला । मान्छेले सबै कुरा सहन सके पनि छोराछोरीको वियोग सहन सक्दैन रे । मेरो अनुहार हेरेर मेरी हजुरआमाले आमाको तिर्षना मेटाउनु हुन्थ्यो होला ।

मैले बाल्यकालमै आमाको बियोग सहेँ । बुबा जीवित हुँदाहुँदै बाबुको बियोग पनि सहेँ । बाबु हुँदा पनि मलाई मेरा मावलीले हुर्काए । त्यो मेरो लागि भाग्यको कुरा थियो, तर बाबुको छत्रछायाँ गुमाउनु दुर्भाग्य पनि थियो । भाग्य, दुर्भाग्य सबै सहेँ । बाल्यकालमै केटाहरूले गरेको दुर्व्यवहार पनि सहेँ । १२ वर्षकी मात्रै थिएँ । त्यही बेला पनि केटाहरूले मप्रति यौन आशक्ति देखाउँथे । मबाट फाइदा लिन खोज्थे । यौवनमै प्रवेश नगरेका मजस्ता कलिला बालिकाहरूसँग पनि त्यस्तो फाइदा लिन खोज्नेहरू सज्जन हुन् र ?


१३ काटेर १४ लागेकी थिएँ । आफन्तको दबाबले मेरो विवाह ३० वर्षको पुरुषसँग भयो । मलाई यौवनका कुरा नै राम्रो थाहा थिएन । प्रेम के हो ? वासना के हो ? जीवन के हो ? १४ वर्षका बालबालिकालाई के थाहा हुन्छ र ? तर मेरो त विवाह भयो । म कसैकी श्रीमती, कसैकी बुहारीमा परिणत भएँ । उमेर खेल्ने रमाउने थियो । जिम्मेवारी घरै सम्हाल्ने हुन पुग्यो । अनि पति चाहिँ ३० वर्षको । भावना मिल्थेन । कुराकानीको सार मिल्थेन । पति र पत्नी त एक अर्काका परिपूरक हुन्छन् । तर हामी एक अर्कामै अपूर्ण जस्ता थियौं ।

विवाहलाई संसारमै खुसीको क्षण मान्ने गरिन्छ । बाजागाजा बजाएर, दुनियाँलाई भोज खुवाएर विवाहमा मानिसहरू रमाउँछन् । मेरो चाहिँ विवाह सन्नाटा जस्तो भयो । सुख खोसिएको जस्तो थियो । कुनै दुःखको सागरमा कसैले घचेटिदिए

जस्तो थियो । सात वर्षमा आमा गुमाएँ । १४ वर्षमा विवाह भयो । अनि यसको तीन वर्षमा मैले अर्को बज्रपात सहनु पऱ्यो । मेरा पतिको ३३ वर्षकै अल्पायुमा निधन भयो । पतिको निधन हुँदा पनि म बालिका नै थिएँ । जम्मा १७ वर्षकी । मान्छेको युवा जीवन १८ पछि सुरु हुन्छ । मेरो त १८ नपुगी जीवन किनारतिर पुग्यो । पतिको निधन हुँदा म गर्भवती थिएँ । मेरो गर्भमा कुनै शिशु हुर्किंदै थियो, वा भनौं म बालिकाको गर्भमा एउटा जीवन हुर्किंदै थियो ।

मेरो गर्भको बच्चाले संसार देख्नु अघि नै ऊ टुहुरो भइसकेको थियो । म विधवा भइसकेकी थिएँ । म र मेरो गर्भको शिशु गरी दुई जना थियौं । तर हामी एक्लिएका थियौं । पीडा र वेदनाको अर्को रुप के हो ? भनेर कसैले सोध्दा "म शिवानी हुँ" भन्न मन लाग्छ । यो बेला म मानसिक तनावमा परें । मानसिक दशा बिग्रियो । महिना पुगेपछि मेरो गर्भबाट एक छोराको जन्म भयो । छोराको अनुहार देखेपछि मेरा धेरै दुख त्यसै हराए । एउटी आमाको काखमा उसको सन्तान हुँदा आमाको मन कति खुसी हुँदो रहेछ भन्ने मैले महशुस गरें । धेरै पीडाहरू छोराको जन्मले कम हुन पुग्यो । विगतका दुःखका शृङ्खलाहरू त तहतह बनेर मेरो मनमा बसेकै थिए । छोराको आगमनले त्यसलाई अलिकति ढाकी दियो । आमा हुनुको सुख प्राप्त गरें ।

दुःख जस्तै भए पनि छोराको अनुहारले बाँच्ने साहस प्राप्त हुँदो रहेछ । दुःख बिर्साउने एउटा माध्यम सन्तान हुँदा रहेछन् । १९ वर्षकी हुँदा छोरा पनि दुई वर्ष पुगे । ममा केही परिपक्वता आउन थाल्यो । केही व्यवहारिकता पनि बढ्यो । साँच्चै भन्ने हो भने मेरो उमेरका अरु केटाकेटी मै गनिन्छन् । मैले चाहिँ मान्छेको जीवनमा भोग्नु पर्ने जति सबै भोगिसकेकी थिएँ ।



छोराको आगमनले खुसी मात्रै थपेन, जिम्मेवारी पनि थप्यो । सन्तान हुर्काउने काम पनि चानचुने कुरा होइन रहेछ । यसका लागि ज्ञान, सीप चाहिन्छ । तर सन्तान हुर्काउन सिकाउने कुनै केन्द्र, विद्यालय हुँदैनन् । वास्तवमा आमाका लागि सन्तान नै बच्चा हुर्काउने विद्यालय रहेछन् ।

गाउँमा जात व्यवस्था सम्बन्धी कार्यक्रम आयोजना गरिएको थियो । म पनि सहभागी थिएँ । त्यही कार्यक्रममा मेरो एक महिलासँग भेट भयो । मेरो भावना बुझ्ने जस्तो लाग्यो । उनको कुराकानीको सार र सरलता मन पर्‍यो । हामी छोटो समयमै एक अर्काको साथी भयौं । उनीसँग फोनमा कुरा हुन थाल्यो । हाम्रो गाउँतिर आउँदा भेट हुन्थ्यो ।

उनको कुरा सुन्दा उनलाई पुरुषहरूसँग खास रुची रहेनछ । आफूजस्तै महिला नै मन पर्दो रहेछ । तर म चाहिँ महिलालाई महिला नै मन पर्ने कुराबाट अञ्जान थिएँ । मलाई के मन पर्छ, के मन पर्दैन भन्ने छनोट नै थिएन । किनभने मेरो भाग्यमा छनोटको सुविधा थिएन । विधाताले जे दिन्छन्, त्यसलाई स्वीकार गर्नुको विकल्प थिएन । मैले मेरो खुसी छान्न कहिले पनि पाइनँ ।

पछि उहाँबाटै मैले यौनिक तथा लैङ्गिक अल्पसंख्यकबारे बुझेँ । यो समुदायका मानिसहरूले आयोजना गरेका कार्यक्रमहरूमा जान थालेँ । विस्तारै म भित्रको यौनिकता प्रस्फुटन हुँदै गयो । मैले आफूलाई एक समलिङ्गी महिला भएको थाहा पाएँ । मलाई यसअघि न पुरुष, न महिला । कसैसँग पनि अनुराग उत्पन्न भएको महशुस हुँदैन थियो । महिलाहरू मसँग नजिक हुँदैन थिए । नजिक भएका पुरुष बाध्यताका थिए । बाल्यकालमै जिस्किन आउने केटाहरूसँग मेरो कुनै हिमचिम भएन । अहिले सम्झिल्याउँदा म पुरुषप्रति पहिलेदेखि नै आकर्षित होइन रहेछु भन्ने पक्कापक्की भयो ।

“उहाँबाटै मैले यौनिक तथा लैङ्गिक अल्पसंख्यकबारे बुझेँ । यो समुदायका मानिसहरूले आयोजना गरेका कार्यक्रमहरूमा जान थालेँ । विस्तारै म भित्रको यौनिकता प्रस्फुटन हुँदै गयो । मैले आफूलाई एक समलिङ्गी महिला भएको थाहा पाएँ ।”



मेरो साथी बनेकी उनी र मेरो उमेर मिल्थ्यो । भावना मिल्थ्यो । धेरै कुरा मिल्दै गयो । समय बित्दै गयो । अनि हाम्रो सामिप्यता पनि बढ्दै गयो । एक अर्काको मायामा बाँधिएको पत्तै भएन ।

अब सँगै बस्ने विषयमा सल्लाह हुन थाल्यो । मेरो पनि नाबालक छोराबाहेक कोही थिएन । उनी पनि कुनै पुरुषसँग लगनगाँठो कस्न सक्ने अवस्थामा थिइनन् । त्यसपछि हामीले सँगै बस्ने निर्णय लियौं ।

हामी सँगै बसेपछि गाउँसमाजले हाम्रो सम्बन्धबारे थाहा पायो । मानिसहरूले सहज व्यवहार गर्ने त सम्भावना थिएन । उनीहरूले गरेको फरक व्यवहारले मन बिझाउँथ्यो । केहीले अलि बढी नै हेपेर गालीगलौज पनि गर्न थाले । जबकि हामीले उनीहरू कसैको केही बिगारिदिएका थिएनौं । तैपनि उनीहरू हामीसँग रिसाउँथे । उनीहरूको हेपाहा शैली हामीलाई पचेन । मन कमजोर पारेनौं । हिम्मतका साथ डटेर बस्यौं ।

उनीसँग म बस्दा मेरो छोराले पनि बाबु पाएको जस्तो भयो । तीन जनाको एउटा सानो परिवार बन्यो । बाहिरी समाजलाई भने हाम्रो सम्बन्ध मन परिरहेको थिएन । उनीहरूको व्यवहारमा परिवर्तन भएन ।

एक दिन मेरो साथीलाई पेटमा समस्या देखियो । समस्या अलि जटिल नै रहेछ । लामो समय अस्पतालमा उपचार भइरह्यो । मान्छेको शरिर बिरामी हुन्छ, निको हुन्छ । यो त चलिरहन्छ । जीवन रहेसम्म यो चलिरहन्छ । निको होला होला भन्दा भन्दै समय धेरै घर्कियो । उहाँको पेटको समस्या निको भएन । त्यही समस्याले उहाँलाई यो संसारबाट तिनै विधाताले लिएर गए । ७ वर्षको उमेरमा आमा लगे । १७ मा पति लगे । अब १९ मा मेरो जीवन साथी पनि लगे । हेर्दा हेर्दै विधाता धनी भए । मबाट लगेका अनमोल रत्नहरू आफूसँग राखेर उनले मलाई कंगाल बनाए । सायद उनी सम्पन्न भए ।

> “उनको कुरा सुन्दा उनलाई पुरुषहरूसँग खास रुची रहेनछ । आफूजस्तै महिला नै मन पर्दो रहेछ । तर म चाहिँ महिलालाई महिला नै मन पर्ने कुराबाट अञ्जान थिएँ । मलाई के मन पर्छ, के मन पर्दैन भन्ने छनोट नै थिएन । किनभने मेरो भाग्यमा छनोटको सुविधा थिएन ।”



# सत्यम् शिवम् सुन्दरम्

● सुधा लामा

म १९ कि भएँ । १८ वर्ष पार गरेको भर्खरै हो । नेपालको कानुनले १८ भन्दा कम उमेरका मानिसहरूलाई बालबालिकामा गणना गर्छ । यो हिसाबले म बालबालिकाबाट प्रौढ भएको एक वर्ष मात्रै भयो ।

कानुनले त १८ पार गरेपछि प्रौढ मान्छ, तर आमाबाबुको नजरमा सन्तान जति ठूला भए पनि साने लाग्छन् । म सुधा लामाको जन्म चितवनमा भएको थियो । कक्षा ८ मा पढ्नेहरू किशोरावस्थामा प्रवेश गरिरहेका हुन्छन् । जीवनमा रङ फेरिने उमेर पनि यहि हो । बालसुलभ, चञ्चलता फेरिएर यौवनका चञ्चलता सुरु हुन्छन् ।

शारीरिक अंगमा परिवर्तन हुन्छन् । मनका भावनाहरू परिवर्तन हुन थाल्छन् । कक्षा आठ पढ्दै मेरो मनमा विकास हुन थालेका भावनाहरू नौला हुन पुगे । मेरो रुची र आशक्ति केटाहरू प्रति नभएर केटीहरू प्रति नै हुन थाल्यो ।

मेरो जीवनमा कुनै अकल्पनीय घटना, मानसिक आघात आदि कारणले यस्तो भयो कि ? भनौं भने त्यस्तो केही थिएन । सबै कुरा सामान्य चल्दै थियो । तर मनका भावनाहरू अप्रत्याशित ढंगले फेरिदै गए । अरुका पनि भावनाहरू फेरिन्छन्, बदलिन्छन्, तर मेरो चाहिँ परिवर्तनभित्रको पनि परिवर्तन हुन थाल्यो ।



“

मैले टिकटकमार्फत महिला साथीहरूसँग कुराकानी गर्दै गएँ । आफ्ना कुराहरू आफ्नै समुदायका साथीहरूसँग साझा गर्न थालेँ । आफू जस्तै धेरै साथी त्यहाँ भेटे । आफ्नो कुरा सुनाउन मिल्ने साथीहरू धेरै रहेछन् भन्ने थाहा पाएँ । साँच्चै भन्ने हो भने मैले नयाँ परिवार पाएँ ।

”

अब यो कुरा म सुनाउँ चाहिँ कसलाई ? मेरो यो अनौठो कुरा सुन्नेले मजाक बनाउँछन् भन्नेमा म ढुक्क थिएँ । ममा भइरहेको परिवर्तन के हो ? यस्तो किन हुन्छ ? यो सामान्य वा असमान्य के हो ? यी कुराहरूमा म आफैं जानकार थिइनँ ।

त्यही बेला मैले एक फिल्म हेरेँ । त्यो फिल्म समलैङ्गिकता सम्बन्धी थियो । जहाँ महिला-महिलाबीचको प्रेम सम्बन्ध दर्शाइएको थियो । प्रेमको पनि फेरि आफ्नै परिभाषा हुन्छ । जुन प्रेममा वासना हुँदैन, त्यो प्रेम जसलाई पनि गर्न सकिन्छ । बाबुले सन्तानलाई, सन्तानले आफ्ना अभिभावकहरूलाई गर्ने वासनामुक्त प्रेम हो । अनि वयस्क दुई व्यक्तिमा वासनायुक्त प्रेम छ भने त्यो प्रेमिल हो । त्यो प्रेम फरक हो ।

त्यो फिल्ममा दुई महिलाबीचको वासनायुक्त प्रेमको चित्रण थियो । फिल्मले त यस्तो सम्बन्ध हुन सक्छ भनेर देखायो । तर, म स्वयं चाहिँ यस्तो हुन्छ कि हुँदैन भन्नेमा ढुक्क थिइनँ । किनभने फिल्ममा त नहुने, हुन नसक्ने, तिलस्मी जस्ता कथाकहानी पनि हुन्छन् । त्यस्ता कथा कहानीको सम्बन्ध वास्तविक जीवनसँग हुँदै हुँदैन ।

तर, समलिङ्गी सम्बन्ध प्राकृतिक हो, मान्छेको जीवनमा यो सम्भव छ भन्ने कुरा बिस्तारै बुझ्दै गएँ ।

एक दिन मेरो एक ट्रान्समेन साथी र उहाँको पार्टनरसँग मेरो भेट भयो । उहाँले आफ्नो जीवनकहानी, आफ्नो पार्टनरसँगको सम्बन्ध सबै मलाई खुलेर भन्नु भयो । उहाँको कुरा र फिल्मको भाव एक आपसमा मेल खान्थ्यो । त्यसपछि मलाई फिल्मको कहानी वास्तविक कथामै आधारित रहेछ भन्ने पक्का भयो । फिल्म श्वैर कल्पनामा होइन, सत्य कथामा मै बनेको रहेछ भन्ने मलाई लाग्यो ।

मेरो तिनै ट्रान्सम्यान साथीले समलिङ्गी महिलाहरूका लागि काम गर्ने संस्थाहरू पनि छन् भन्ने जानकारी दिनु भयो । यो घटनासम्म आइपुग्दा मैले आफ्नो यौनिकता थाहा पाइसकेकी थिएँ । तर मेरो मनमा उत्पन्न अर्को मनोगत संकट के थियो भने, मेरो वास्तविकता कसैले थाहा पायो भने के होला ? साँच्चै भन्ने हो भने मेरो यौनिकतासँग अरुलाई केको लिनू ? के को दिनू ?

कसैलाई लिनुदिनु थिएन । तर म आफैं बेचैन भइरहेकी थिएँ । आफ्ना मनका कुरा लुकाउन गाह्रो, कसैले थाहा पाउला कि भन्ने कुरा अझै गाह्रो । खासमा यी कुनै गाह्रा कुराहरू थिएनन् । मेरो मनले तिनलाई समस्याको रुपमा अर्थ लगाएको थियो ।

विस्तारै मैले टिकटकमार्फत महिला साथीहरूसँग कुराकानी गर्दै गएँ । आफ्ना कुराहरू आफ्नै समुदायका साथीहरूसँग साझा गर्न थालें । महिला साथीहरूकै संगतले "प्राइड परेड"मा पनि सहभागी भएँ । आफू जस्तै धेरै साथी त्यहाँ भेटे । आफ्नो कुरा सुनाउन मिल्ने साथीहरू धेरै रहेछन् भन्ने थाहा पाएँ । साँच्चै भन्ने हो भने मैले नयाँ परिवार पाएँ ।



मेरो यौनिकताको कुरा बाहिरका साथीले त थाहा पाए । तर परिवारमा पनि त भन्नु पर्छ । किनभने परिवारको समर्थन भयो भने सबै कुरा सहज हुन्छ । परिवारकै साथ भएन भने सहज पनि असहज हुन्छ । मैले यो कुरा सुरुमा मेरै आमालाई सुनाएँ । मेरो कुरा सुनेपछि आमाको मन रोयो । उहाँका आँखाबाट आँशु झरे । रुँदै उहाँले भन्नु भयो, "तिमीलाई त्यो समुदायले सिकाएको हो । तिमीलाई बहक्याएका हुन् । तिमी त्यस्तो होइनौं । यस्तो भयो भने त तिमीलाई हामीबाट टाढा पुऱ्याउँछन् ।"

आमालाई रुवाउने कुनै सन्तानको रहर हुन्छ र ? तर मेरी आमा रुनु भयो । आमालाई सम्झाउने बुझाउने प्रयास गरेँ । यस्तो कुरा अरुको घरमा पर्दा मान्छेले सहजै बुझ्ला । आफ्नो घरमा कुनै सदस्य यौनिक अल्पसंख्यक हो भन्ने कुरा पचाउन गाह्रो हुँदो रहेछ ।

आमालाई पनि सम्झाउन गाह्रो भएको छ । धेरै समय आमाले म उहाँले भने अनुसारले परिवर्तन हुन्छु कि भनेर मेरा साथीहरूसँग भेट गर्न दिनु भएन । घरबाहिर जान पनि दिनुहुन्न थियो । मैले आफ्नो पार्टनरलाई पनि भेटन पाइनँ ।

अहिले पनि म आमालाई सम्झाउने प्रयासमै छु । थाहा छैन, उहाँले कहिले बुझ्नु हुन्छ ? तर, आशा छ, सत्यम्, शिवम्, सुन्दरम् । यो कुरा आमाले एक दिन बुझ्नु हुनेछ ।

"आमालाई रुवाउने कुनै सन्तानको रहर हुन्छ र ? तर मेरी आमा रुनु भयो । आमालाई सम्झाउने बुझाउने प्रयास गरेँ । यस्तो कुरा अरुको घरमा पर्दा मान्छेले सहजै बुझ्ला । आफ्नो घरमा कुनै सदस्य यौनिक अल्पसंख्यक हो भन्ने कुरा पचाउन गाह्रो हुँदो रहेछ ।"

Mitini NEPAL

## मितिनी नेपालको परिचय

मितिनी नेपाल समलिङ्गी महिला, द्वयलिङ्गी र ट्रान्सजेण्डर व्यक्तिहरुको सहयोगको लागि काम गरीरहेको एक गैर सरकारी संस्था हो । नेपालका यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायहरुको मानव अधिकारको संरक्षण तथा सम्वर्द्धन गर्ने तथा उनीहरुलाई सम्मानित जीवन जिउन सामाजिक, सांस्कृतिक, आर्थिक, कानूनी तथा राजनैतिक अधिकार सहितको समतामूलक समाज निर्माण गर्ने उद्देश्यले यो संस्था सन् २००५ मा स्थापना भएको हो ।

## कार्यनीति

आम सरोकारवाला निकायहरु बीच समन्वय, सहकार्य, सञ्जालीकरण तथा आपसी समझदारीका माध्यमबाट यौनिक तथा लैङ्गिक समुदायका मानिसहरुको राजनैतिक, कानूनी, सामाजिक, आर्थिक, स्वास्थ्य तथा शैक्षिक अधिकारमा उनीहरुको सहज पहुँचको लागि बहस पैरवी गर्ने ।

## लक्षित समूह

यौनिक तथा लैङ्गिक समुदाय भित्रका सबै समलिङ्गी महिला, द्वयलिङ्गी र ट्रान्सजेण्डर व्यक्तिहरु ।

## कार्यक्रमहरु

### १. वहस तथा पैरवी

समलिङ्गी महिला, द्वयलिङ्गी र ट्रान्सजेण्डर व्यक्तिहरुको समान हक अधिकारका लागि हामी न्यायकर्ता, सरकारी तथा अन्य सरोकारवाला निकाय, आम सञ्चार, नागरिक समाजका अगुवाहरुसँग अन्तर्क्रिया गर्छौं । हामी विभिन्न छलफल, गोष्ठी कार्यशाला, र्‍याली, धर्ना, पत्रकार सम्मेलन आदि समेत गर्दछौं ।

### २. सामाजिक जागरण तथा सचेतना

हामी विभिन्न सांस्कृतिक कार्यक्रम, पोष्टर तथा पम्फलेट प्रकाशन, विद्यालय, कलेज जस्ता शैक्षिक संस्थाहरुमा अभिमुखीकरण आदिका माध्यमबाट यौनिक अभिमुखीकरण, लैङ्गिक पहिचान तथा अभिव्यक्ति लगायतका सवालहरुमा बहस तथा पैरवी गर्छौं । समुदायमा आधारित संस्थाहरु, व्यवस्थापिका संसद सदस्यहरु, सरकारी सरोकारवाला निकायहरु, सामुदायिक प्रहरी तथा पत्रकारहरुलाई समेत सामाजिक जागरण तथा सचेतनामूलक कार्यक्रमहरुको आयोजना गर्दछौ ।

### ३. सीप विकास

समलिङ्गी महिला, द्वयलिङ्गी र ट्रान्सजेण्डर व्यक्तिहरुको लागि हामी सीप विकास तथा आय आर्जनसम्बन्धी तालिम प्रदान गर्दछौं । आभुषणका सामाग्रीहरुको निर्माण, सिलाई बुनाई, ड्राइभिङ, सौन्दर्यकला सम्बन्धी तालिम, कफी तयारी, च्याऊ खेती तथा मैनबत्ती उत्पादन जस्ता तालिमहरु हामीले चलाउँदै आइरहेका छौं ।

### ४. क्षमता विकास

हामी नेतृत्व विकास, मानव अधिकार, कानूनी सचेतना यौनिक तथा लैङ्गिक समुदायहरुलाई तालिम तथा अभिमुखीकरण जस्ता क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्छौं ।

### ५. मनोसामाजिक तथा कानूनी परामर्श सेवा

आवश्यकताका आधारमा हामी समलिङ्गी महिला, द्वयलिङ्गी र ट्रान्सजेण्डर व्यक्तिहरु तथा तिनका परिवारका सदस्यहरुलाई मनोसामाजिक तथा कानूनी परामर्श सेवा प्रदान गर्दछौं ।

### ६. अध्ययन तथा अनुसन्धान

हामी समलिङ्गी महिला, द्वयलिङ्गी र ट्रान्सजेण्डर व्यक्तिहरुको सवालमा उनीहरुका समस्या तथा अनुसन्धानमा रहेर खोज तथा अनुसन्धान गर्छौं ।

रानीबारी सामाखुसी, कुमारी टोल
काठमाडौं नेपाल
पो.ब.नं. ८९७४, Cpc ३३१
वेभसाइट: www.mitininepal.org.np
ट्विटर : https://twitter.com/MitiniNepal
फेसबुक : www.facebook.com/Mitininepal
इन्स्टाग्राम : https://www.instagram.com/mitini_jewellery/